जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २८७ • २०८१ साल फाल्गुन २९ गते बिहीबार (13 March, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नक्कली नोट सहित ५ पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । जिल्ला प्रहरी कार्यालय सर्लाहीले नक्कली नेपाली सहित पाँच जनालाई पक्राउ गरिएको जनाएको छ ।

नक्कली नोट बनाउने गिरोहका एक महिलासहित पाँच जनालाई पक्राउ गरी  कारबाही चलाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जनाएका छन् ।

जिप्रका सर्लाहीले बुधबार जारी गरेको प्रेस नोटमा जिल्ला प्रहरी कार्यालयमा प्राप्त विशेष सूचनाको आधारमा मलंगवा नगरपालिका वडा नम्बर ८ गोरखकाली स्थित सडकमा चेकजाँचको क्रममा तीन वटा मोटरसाइकलमा सवार ५ जना व्यक्तिहरु भारतबाट आउँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको उल्लेख छ ।

गत सोमबार राति सवा आठ बजे  महोत्तरी जिल्लाको सुनवा गाउँपालिका- ७ स्थित सुन्दरपुरका ४२ वर्षीय खुर्सेद भन्ने सुल्तान मंसुर, रौतहट गढीमाई नगरपालिका वढा नम्बर ९ स्थित चिलमिलियाका ५६ वर्षीय रामनारायण सहनी, सर्लाही धनकौल गाउँपालिका वडा नम्बर ७ स्थित वैरियाका ४८ वर्षीय दुलार सहनी, ब्रम्हपुरी गाउँपालिका वडा नम्वर २ का ५० वर्षीय रामपृत सहनी र ३५ वर्षीय सिहानता कुमारी देवीलाई पक्राउ गरिएको डीएसपी राईले बताए ।

'उनीहरुको साथबाट नेपाली नक्कली एक हजार दरको नोट १-१ वटा तल र माथि राखि बचिमा नोट साइजको सेतो कागज राखि बनाइएको बण्डल ८८ थान बरामद भएको छ' उनले भने, तयार नक्कली नोट जम्मा १ लाख ७६ हजार बरामद भएको छ ।

बा.४७ प ८७५७, बीआर ३० सी ४७६६ र बीआर ३० एआई ३०४९ नम्वरको मोटरसाइकल सहित पक्राउ परेका एक महिला सहित पाँचै जनालाई मुद्रा सम्बन्धी कसुर शीर्षकमा सर्लाही जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरेर आवश्यक अनुसन्धान भइरहेको राईले जनाएका छन् ।

## केन्द्रीय गृहमन्त्री अमित शाहको घोषणा
# सीतामढीमा भव्य सीता मन्दिर निर्माण हुने

**टुडे समाचारदाता**

सीतामढी । भारतको बिहार राज्यको सीतामढी जिल्लामा माता सीताको भव्य मन्दिर निर्माण हुने भएको छ ।

भारत सरकारका गृहमन्त्री अमित शाहले गाँधीनगरमा मंगलबार आयोजित मिथिलाञ्चलवासीको एक कार्यक्रममा अयोध्याको राममन्दिर निर्माण पूरा भएसँगै सीतामाताको सीतामढीमा चाँडै भव्य मन्दिर निर्माण हुने प्रतिवद्धता जनाएका छन् ।

भारत बिहार राज्यको सीतामढी जिल्ला प्राचिन मिथिला राज्यको भूभाग हो । सीतामढीका स्थानीय बासिन्दा र विद्वानहरुले माता सीताको जन्मस्थली सीतामढीको पुनौरा रहेको दाबी गर्दै आएका छन् । यद्यपि रामायणमा पुनौराको उल्लेख छैन ।

सीतामढीको पुनौरामा अवस्थित जानकी मन्दिरलाई माता जानकीको जन्मस्थलीको रुपमा लेखिएको छ । उनीहरुका अनुसार राजा जनकले पुनौरामा नै हलो चलाउँदा धरतीबाट जानकी माता अवतरित भएको तर्क गर्छन् ।

पुनौराधामलाई पर्यटकीय स्थल बनाउन बिहार सरकारले सन् २०२४ मा मन्त्रिपरिषद्को बैठकबाट थप ५० एकड जमिन अधिग्रहण गर्ने निर्णय गरिसकेको छ । भारत सरकारको बजेटमा सीतामढीको विकासका लागि ५ सय करोड रुपैयाँ बिनियोजन गरिएको छ ।

सीतामढी बजारभन्दा झण्डै पाँच किलोमिटर टाढा रहेको पुनौरा गाउँमा जानकी माताको मन्दिर अवस्थित छ । त्यो मन्दिरलाई जानकीको जन्मस्थली मानिएको छ ।

मिथिलामा अनिकाल परेको बेला राजा जनकले हलेश्वरी यज्ञ गरेका थिए ।

त्यस क्रममा उनले पुनौरामा हलो चलाउँदा निस्केको गाग्रीमा माता सीता शिशु अवस्थामा रहेकी थिइन् । राजा




जनकले हलो चलाउनु अघि भगवान शिवको पूजा गरेको स्थल हलेश्वरनाथ महादेव त्यहाँ रहेको दाबी गरिएको छ । सीता झुला झूल्ने पिपलको बोट अझै विद्यमान रहेको स्थानीयको दाबी छ ।

भारत सरकारमा प्रधानमन्त्री पछिको अत्यन्त शक्तिशाली गृहमन्त्री अमित शाहले मिथिलाञ्चलवासीहरुको भेलामा उनले भने, 'अयोध्यामा राममन्दिर बनिसक्यो, अब पालो माता सीताको भव्य मन्दिर बनाउने हो ।'

'आज म मिथिलाञ्चलवासीको कार्यक्रममा घोषणा गरेर जाँदैछ'' उनले भने, आउने दिनमा एउटा भव्य मन्त्री जसले दुनियाभरको मातृशक्तिको सन्देश दिनेछ कि जीवन कस्तो हुनुपर्छ ? जीवन हरेक किसिमले आदर्श हुनुपर्ने सन्देश दिन कार्य माता जानकीको मन्दिरले गर्ने छ ।' उनले भने, जानकी मन्दिर चाँडै हामी बनाउने छौं ।

गृहमन्त्री शाहको भाषण लगतै भारत सरकारमा बिहारबाट मन्त्री रहेका युवा नेता चिराग पासमानले सीतामढीमा जानकी माताको मन्दिर निर्माणले बिहारका १४ करोडवासी लाभान्वित हुने बताएका छन् । उनले गृहमन्त्री अमित शाहको वचन चाँडै पूरा हुने विश्वास व्यक्त गरेका छन् ।

सन् २०२५ मा बिहारमा विधान सभाको निर्वाचन हुने छ । त्यसलाई प्रभावित गर्न जानकी मन्दिर निर्माणको कार्ड खेलिएको विपक्षीहरुले आरोप लगाएका छन् । विपक्षका नेताहरुले भारतीय जनता पार्टी(भाजपा)ले अस्पताल, विश्वविद्यालय खोल्ने कार्य नगरी धर्मको नाममा मत लिन अनेक झुठा आश्वासन बाड्ने गरेको आरोप विपक्षी नेताहरुको छ ।

सीतामढी भारत सरकारको रामायण सर्किट अन्तर्गत पर्यटकीय विकास क्षेत्रमा परेकाले भारत सरकारबाट प्रयाप्त बजेट विनियोजन भइरहेको छ । रामायण सर्किटमा राजा जनकको राजधानी जानकी महल(जानकी मन्दिर) रहेको जनकपुरधाम र धनुषाधाम समेत रहेको छ ।


भारतीय भूभागमा रामायणकालीन स्थलहरुको विकासका लागि प्रचुर बजेट राखिएको छ । पछिल्लो पटक महाकुम्भको सफल आयोजन र त्यसबाट जोडिएको सनातन धर्मावलम्बीहरुको भावना दृष्टिगत गरी  भारत सरकारले व्यवसायीकरण गर्न लागेको छ ।

सीतामढीको पर्यटकीय विकासले जनकपुरधामस्थित जानकी महल(जानकी मन्दिर)को समेत आकर्षण बढने बताइन्छ ।

रामायण सर्किटमा जोडिएको जनकपुरधाम र धनुषाधामको प्रचार भारतभरि भइरहेको पुनौराधाम मन्दिरका महन्थ कौशल किशोर दासले बताए ।

'राजा जनकको दरबार, जानकी महललगायत सीता जन्मसित सम्वद्ध धेरै स्थलहरु नेपालको भूभागमा रहेका छन्' उनले भने, सीता जन्म र विवाहसित जोडिएका स्थलहरुको विकास हुन आवश्यक छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधाम भ्रमणको क्रममा एक सय करोड भारतीय रुपैयाँ धार्मिक, सांस्कृतिक विकासका लागि प्रदान गरेको स्मरण गर्दै उनले भने, त्यसबाट ठूलै विकास भएको होला ?




# सखी बहिनपा मिथिलानी समूहद्वारा होरी मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। सखी बहिनपा मिथिलानी समूहले होरी उत्सव मनाएको छ।

जनकपुरधाममा बुधबार एक कार्यक्रम बीच होरी उत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम तथा नाचगानसहित मनाइएको छ।



सखी बहिनपा मिथिलानी समूहले होरीको उत्सवका साथ विभिन्न सांस्कृतिक कार्यक्रमहरूको आयोजनासमेत गरेको थियो। सो समूहले मिथिला क्षेत्रका लोक गीत र नाचगानसमेत प्रस्तुत गरेको थियो।

स्थानीय कलाकारहरूले मिथिला संस्कृति र परम्परालाई समेटेर आकर्षक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए। उत्सवको मुख्य आकर्षण लोकनृत्य र होलीलगायतका गीतहरूको प्रस्तुति रहेको थियो।

सो कार्यक्रममा सखी बहिनपा मिथिलानी समूहका संस्थापिका आरती झाले यस उत्सवलाई सामाजिक, सांस्कृतिकसहित एकता, सौहार्द्रता तथा भाइचारासहित सद्भावको रुपमा लिने गरिएको चर्चा गर्दै उनले जनकपुरधामका सखी बहिनापाले मौलिक संस्कृतिलाई जीवन्त गरी राखेको बताइन्।

सो कार्यक्रममा भारतको मुम्बईबाट ज्येष्ठ सखी आशा दिदी, राजविराजबाट कञ्चन झा, वीरगञ्जबाट सुनिता झा, विभा झा, आकांक्षा झालगायतका सहभागितासंगै अभिभावक सखी सुनिता मिश्र, इन्दिरा झा, निरा ठाकुर, भारती झा, इन्दिरा चौधरी, आरती चौधरीलगायतले उपस्थिति रहेको थियो।

सो कार्यक्रममा बल्हागोठालका महिला होरी समूहको सहभागिता रहेको थियो। जसले परम्परागत जोगिरा र होरी गीत गायन प्रस्तुत गरेकी सखी बहिनपा मिथिलानी समूहकी कोषाध्यक्ष भारती चौधरीले जानकारी दिइन्।

सो कार्यक्रममा महासचिव पुनम झा मैथिलीले कार्यक्रम सञ्चालन गरेकी थिइन् भने सचिव सुनिता मिश्रले उत्सव व्यवस्थापन, सदस्य विन्दु ठाकुर, पुनम मिश्रलगायतकाले समन्वय गरेकी थिइन्।

कार्यक्रममा समूहकी सदस्य आरती चौधरी, स्मिता झा, चञ्चला झालगायतको कुशल व्यवस्थापन रहेको थियो भने शिवानी मिश्र, छोटीलगायतकाले प्रस्तुत गरेको नृत्य सहभागीहरुको मन जितेको थियो।

# यज्ञको नाममा संकलित लाखौं रकम औरहीका अध्यक्ष र नेताहरुको गोजीमा

**टुडे समाचारदाता**

सिरहा। सिरहाको औरही गाउँपालिका ५ मा क्याम्पस बनाउने विष्णु महायज्ञ आयोजना गरिदैछ। महायज्ञका लागि अहिलेसम्म १५ लाखभन्दा बढी रकम संकलन भइसकेको छ। तर उक्त रकम गाउँपालिका अध्यक्ष शिवजी यादव र जनमत पार्टीका औरही गाउँपालिका कार्य समितिका अध्यक्ष दिलिप यादवले गोजीमै राखेको रहस्य खुलेको छ।

क्याम्पस बनाउने भन्दै महायज्ञको नाममा गाउँपालिका अध्यक्ष शिवजी र जनमतका नेता दिलिपले चन्दा उठाउने गरेका छन्। महायज्ञका लागि समिति बनेको छ। तर चन्दा संलगन कार्यमा उनी दुईजना कसैलाई राख्ने गरेको छैन। चन्दा उठेको जानकारी जनमतका नेता दिलिपले आफ्नो फेसबुकमार्फत जानकारी गराउँछन्।

चन्दा संकलित रकम जम्मा गर्नका लागि एनएमबी बैंक औरही शाखामा बचत खाता खोलिएको छ। खाता नम्बर ११२०१४६२७३९०००२० रहेको छ। खाता सञ्चालकमा पनि पालिका अध्यक्ष र जनमतका नेता दिलिप मात्रै छन्। अहिलेसम्म करिब १५ लाख चन्दा संकलन भएको गाउँपालिका अध्यक्ष शिवजीले स्वंम स्वीकारे। तर अचम्म के भने खातामा अहिलेसम्म एक रुपैयाँ पनि राखिएको छैन।



एनएमबी बैंक औरही शाखाका म्यानेजर रविन्द्र यादवले यसको पुष्टि गरे।

सामुहिक कामका लागि संस्थागत खाता किन खोल्नुभएन भन्ने जिज्ञासामा गापा अध्यक्ष शिवजीले भने, 'खाता खोल्न संस्था दर्ता गर्नुपर्छ। दर्ता गर्न निकै समय लाग्छ। त्यसकारण निजी खाता खोलेर रकम जम्मा गरेका हौं।'

गपा अध्यक्षको भनाइमा आपत्ती जनाउँदै एक स्थानीय यूवाले भने, ' गाउँपालिकाकै सिफारिसमा क्याम्पस निर्माण उपभोक्ता समिति बनाएर समितिको नाममा विधिवत खाता सञ्चालन हुन सक्थ्यो। खाता सञ्चालकमा अध्यक्ष स्वयं बसेपनि खाता संस्थागत हुन्थ्यो। निजी खातामा जम्मा गरेको रकमको के भरोसा ? भोलिका दिनमा दिन्नौ, यो त हाम्रो निजी हो भनिदिए भने कानूनले पक्रने ठाउँ नै रहदैन। २० लाख जम्मा हुँदा १० लाख मात्र भयो भन्न सक्छन्। अर्काको निजी खाताको बैंक स्टेटमेन्ट देखाउ पनि भन्न मिलेन नी।' संस्थागत रकम निजी खातामा राख्नुमा बदनियत भएको उनले आशंका गरे। यस प्रसङ्गमा सिरहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालसंग प्रश्न गर्दा उनले भने, 'कति तिर हेर्नु ? यस्ता कुरा पनि हामीले नै हेर्नु पर्ने ? खाता खोल्दा पालिकाको सिफारिसमा संस्थागत खाता खोलेको भए राम्रो हुन्थ्यो। तर म बुझ्रेर भन्छु। के भएको रहेछ।'

सामुहिक कार्यको रकम नीजि खाता खोलिएकोबारे अधिवक्ता प्रशान्त साह भन्छन्, 'पालिकाले चन्दा उठाएको रकम निजी खातामा राख्नु गैरकानूनी हो। हरहालतमा सार्वजनिक रकम संस्थागत खातामा हुनुपर्छ। संस्थागत खाता छ भने मात्र सरकारी निकायको पहुँचमा हुन्छ।'

कति रकम दान उठ्यो ? भन्ने प्रश्नमा गापा अध्यक्ष शिवजीले नगद थोरै उठेको बताए। उनले भने, 'अहिले उठेको रकम व्यवस्थापन मै खर्च भएको छ। पछि दिन्छौ भनेर उधारो दान गर्नेहरुले वचन दिएको रकम १५ लाख जति भएको छ। उठ्यो भने खातामा राख्छौं।'

क्याम्पसको नाममा रकम उठाइदैछ। तर दर्ता भएको छैन। क्याम्पस खोल्ने विधिवत स्वीकृति लिइएको छैन। क्याम्पसका लागि जग्गाको प्रवन्ध समेत भएको छैन। औरहीस्थित श्री सुजमाविमा क्याम्पस सञ्चालन गर्ने गापा अध्यक्ष शिवजीले बताए।

# मिथिला माध्यमिकी परिक्रमा आज जनकपुरधाममा

**टुडे समाचारदाता**

जनकपुरधाम। १५ दिने मिथिला माध्यमिकी परिक्रमा बिहीबार भारतको अन्तिम विश्रामस्थल विशौल हुँदै जनकपुरधाम आउने छ। मंगलबार राति भारतको करुणामा विश्राम गरेका परिक्रमावासीहरू बुधबार बिहानै विशौल पुगेर रात बिताउने छन् भने बिहीबार विहानै जनकपुरधामका लागि प्रस्थान गर्ने छन्। त्यहाँबाट दिउँसो जनकपुरधाम आइपुग्ने छन्।



धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिकास्थित कचुरीबाट सुरु भएको परिक्रमा यात्राको १४ औं दिनमा करुणा पुगेको टोली बुधबार विशौलमा रात बिताउने छ। विशौलमा विशेष मेला आयोजना गरिएको छ। त्यहाँ परिक्रमावासीका लागि खानपान र बस्नको व्यवस्था गरिएको छ। श्रद्धालुहरूले धुमधामसँग होली खेल्ने परम्परा रहेको छ।

परिक्रमा टोली भोलि जनकपुरधाम फर्किने छ र त्यसपछि पर्सी जनकपुरधाममा अन्तगृह परिक्रमा गरेर आफ्नो धार्मिक यात्रा समाप्त गर्नेछन्। यस यात्रामा सहभागी हुनेहरूले धार्मिक मान्यताअनुसार मन, वचन र कर्मका पाप नष्ट हुने र मनोकामना पुरा हुने विश्वास व्यक्त गरेका छन्।

नेपाल र भारतका धार्मिक, सांस्कृतिक र सामाजिक सद्भावका प्रतीकको रूपमा परिचित मिथिला माध्यमिकी परिक्रमा १३ स्थान नेपालका धनुषा र महोत्तरी जिल्लामा र २ स्थान भारतमा गरी १५ विश्रामस्थलको मार्फत सम्पन्न हुँदै आएको छ।

# जनकपुरधाममा माँस मदिरा सेवन तथा बिक्रीमा प्रतिबन्ध



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा तीन दिनका लागि माँस मदिरा सेवन तथा बिक्रीमा धार्मिक तथा ऐतिहासिक मिथिला मध्यमा परिक्रमा जनकपुरधाम प्रवेश गर्ने अवसरमा स्थानीय प्रशासनले तीन दिनको लागि माँस मदिरा सेवन र खरिद बिक्रीमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ। यो प्रतिबन्ध आज राति १२ बजेदेखि चैत १ गते मध्याह्नसम्म लागू हुनेछ।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीयाले एक सूचना जारी गर्दै मिथिला क्षेत्रका परिक्रमा स्थल र त्यसको आसपासमा कडाइका साथ माँस र मदिरा सेवन तथा विक्रीमा प्रतिबन्ध लगाउने निर्णय गरेका हुन्। यस प्रतिबन्धको उद्देश्य धार्मिक र सांस्कृतिक सद्भावना कायम राख्नु र सुसंस्कृत वातावरणमा पर्व मनाउनु रहेको प्रशासनले जनाएको छ।

मिथिला बिहारीजी र किशोरीजीको डोलासहित मिथिला मध्यमा परिक्रमा २९ गते जनकपुरधाम प्रवेश गर्नेछ र त्यसपछि विहानपल्ट नगर परिक्रमा गर्ने परम्परा रहेको छ। प्रमुख जिल्ला अधिकारी कडरीयाले नगरबासीलाई प्रतिबन्धको पूर्ण पालन गर्न आग्रह गर्दै भने, 'मिथिला मध्यमा परिक्रमा गर्ने र त्यसको आसपासको क्षेत्रमा कुनै पनि प्रकारको माँस र मदिरा सेवन र विक्री वितरण गर्न निषेध गरिएको छ। हामी सबैलाई अपिल गर्दछौं कि यस नियमको पालना गरौं।'

यसैगरी, प्रशासनले होलीको दिन नशालु पदार्थको सेवन गरी हो-हल्ला गर्ने, बाटोमा हिँड्ने महिलाहरूसँग अभद्र व्यवहार गर्ने जस्ता कदाचार नगर्न पनि चेतावनी दिएको छ।

होलीका अवसरमा सामाजिक मेलमिलाप र सद्भावना कायम राख्न सबैलाई ध्यान दिन अपिल गरिएको छ।

जनकपुरधाम र मिथिला क्षेत्रको सांस्कृतिक महत्त्वलाई ध्यानमा राख्दै प्रशासनले यस्तो कदम उठाएको हो। यस प्रतिबन्धको उद्देश्य धार्मिक पर्वलाई श्रद्धा र सम्मानका साथ मनाउनु र यससँग सम्बन्धित सामाजिक सद्भावलाई प्रोत्साहन गर्नु रहेको जनाएको छ।

# वीरगञ्ज मुख्य सडकको विवाद टुंगियो

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तार सम्बन्धी १२ वर्षदेखिको विवाद अन्ततः टुंगिएको छ। सर्वोच्च अदालतले बुधबार सरकारको पक्षमा फैसला गर्दै विपक्षीहरूले दायर गरेको रिट खारेज गरेपछि वीरगञ्जको सडक विस्तारलाई पूर्ण मान्यता मिलेको छ।



सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले सुनुवाइ गर्दै विपक्षीहरूको माग अस्वीकार गरेपछि त्रिभुवन राजपथ अन्तर्गत वीरगञ्जको गण्डकदेखि मितेरी पुलसम्मको मुख्य सडक फराकिलो बनाउने बाटो खुलेको हो। अदालतको सो फैसलासँगै सडक विभागले अघि बढाएको २५/२५ मिटरको मापदण्डअनुसार अतिक्रमण हटाउने प्रक्रिया सुरु गर्न सकिने छ।

यो विवाद २०७६ साउन १७ गते सडक विभागले वीरगञ्जको मुख्य सडकको दायाँबायाँ २५/२५ मिटर क्षेत्र खाली गर्न ३५ दिने सूचना जारी गरेपछि चर्किएको थियो। स्थानीय घरधनीहरू, जसमा वीरेन्द्रकुमार संघाईलगायत प्रमुख विपक्षी थिए। सर्वोच्च अदालतमा गएर रिट दायर गरेका थिए। अदालतले अन्तरिम आदेश जारी गरी अतिक्रमण हटाउने प्रक्रियामा रोक लगाएको थियो, जसका कारण यो मुद्दा १२ वर्षसम्म अन्योलमा रह्यो। २०७६ कार्तिक ७ गते विपक्षीहरूले अदालतमा सरकारको निर्णय खारेजीको माग गर्दै रिट हालेका थिए। उनीहरूले वैकल्पिक सडक निर्माण गर्नुपर्ने, त्रिभुवन राजपथको एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने र यदि सडक विस्तार गरिएमा उचित मुआब्जा दिनुपर्ने जस्ता माग राखेका थिए। तर, पटक-पटक पेसी सारिँदै आएको यो मुद्दा मंगलबार पहिलो नम्बरमा परेको थियो। दुवै पक्षका कानुन व्यवसायीहरूको बहसपछि बुधबार सर्वोच्च अदालतले विपक्षीहरूको रिट खारेज गर्दै सरकारको पक्षमा फैसला सुनाएको हो।

विगतमा तत्कालीन नगरप्रमुख विजयकुमार सरावगीले १५/१५ मिटर मापदण्डअनुसार अतिक्रमण हटाउने प्रस्ताव गरेका थिए। तर, सडक विभागले २५/२५ मिटर क्षेत्र अनिवार्य रूपमा खाली गर्नुपर्ने अडान लिँदै आएको थियो। सर्वोच्चको फैसलासँगै सडक विभाग र महानगरपालिकाले संयुक्त रूपमा अतिक्रमण हटाउने अभियान अगाडि बढाउने तयारी गरेका छन्। पूर्णपाठ सार्वजनिक भएपछि स्पष्ट हुनेछ कि २५/२५ मिटर पूरै खाली गराइनेछ वा केही परिमार्जन गरिनेछ।

यो निर्णयपछि वीरगञ्जको मुख्य सडक फराकिलो बन्ने मात्र होइन, शहरको समग्र विकास, ट्राफिक व्यवस्थापन र व्यापारिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ। वीरगञ्जका विकासप्रेमी जनसमुदायले होलीको अवसरमा सर्वोच्च अदालतले सौगात दिएको महसुस गरेका छन् भने केही नेता र उनीहरूका मतियारहरू आ-आफ्नो पोल्टामा यो फैसलाको जस हाल्ने होडबाजीमा जुटेका छन्।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सोचेको भन्दा आम्दानी बढ्ने देखिन्छ। परिवारको सहयोग मिल्नेछ।
वृष : नयाँ काम गर्ने अवसर मिल्नेछ। सामाजिक मानसम्मान र प्रतिष्ठा बढ्नेछ।
मिथुन : परोपकारी काममा रुची बढ्नेछ।
कर्कट : सहयोगीहरूले काममा साथ दिनेछन।
सिंह : साथीभाईसंग भेट हुँदा मन प्रसन्न रहनेछ।
कन्या : टाढाको यात्रा गर्ने मौका छ। दिगो फाइदा हुने काममा लगानी बढाउन सकिनेछ।
तुला : यापार ब्यबसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ। दाम, नाम, इनाम हात पर्ने बेला छ।
वृश्चिक : ब्यापार ब्यबसायबाट प्रसस्त लाभ मिल्नेछ। आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला।
धनु : रोकिएका अधुरा कामहरु सुचारु हुनेछन। धेरैले तपाईंका कामको तारिफ गर्नेछन।
मकर : समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ। स्वास्थ्यमा सुधार आउनेछ।
कुम्भ : सुखदुखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन। आफन्तको सहयोगले महत्वपूर्ण कामहरु सफल हुनेछन।
मीन : सोचेको आटेको कामहरु बन्नेछन। व्यवसायमा थप लगानी बढाउन सकिनेछ

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## स्ववियु निर्वाचनः
# अधिकांश क्याम्पसमा उम्मेदवारी दर्ता

काठमाण्डु । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि आज अधिकांश क्याम्पसमा उम्मेदवारी दर्ता गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले अधिकांश आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा आज विभिन्न विद्यार्थी सङ्गठनले निर्वाचनका लागि प्रत्यक्ष तथा सामानुपातिकतर्फका उम्मेदवारको मनोनयन दर्ता गराएको जानकारी दिनुभयो । उहाँका अनुसार आज विहान ११ देखि साँझ ५ बजेसम्म अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू) का उपाध्यक्ष नारायण घर्तीले आफ्नो सङ्गठनले अधिकांश क्याम्पसमा मनोनयन दर्ता गराएको जानकारी दिनुभयो । नेपाल विद्यार्थी सङ्घ (नेविसंघ) का प्रवक्ता सुरज सेजुवालले पनि ठूला क्याम्पससहित देशभरि नै उत्साहपूर्वक उम्मेदवारी मनोनयन दर्ता गरेको बताउनुभयो । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)का महासचिव रोशन मगरका अनुसार सङ्गठनले अधिकांश



क्याम्पसमा आज उम्मेदवारी दर्ता गराएको बताउनुभयो । त्रिभुवन विश्वविद्यालयले स्ववियु निर्वाचनको प्रचारप्रसारका लागि यही फागुन २९ गते दिनको २ बजेदेखि चैत २ गते राति १२ बजेसम्मका लागि समय तोकेको छ । रासस

मनोनयन दर्ता गरिएको थियो ।

काठमाडौँ उपत्यकाका शङ्करदेव, विश्वभाषा, नेपाल ल, पब्लिक युथ, ग्रामीण आदर्श बहुमुखी, पिपुल्स, पद्यकन्या बहुमुखी क्याम्पसमा भने विवादका कारणले मनोनयन दर्ता नभएको उहाँले बताउनुभयो ।

# ‘क्यान विभाजन विधेयक छिट्टै पारित हुन्छ’

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा विनोदप्रकाश सिंहले नेपाल युरोपेली सङ्घ (इयू) को सुरक्षा सूचीबाट छिट्टै हट्ने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपाल एशोसिएशन अफ टूर मण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को ६०औँ वार्षिकोत्सवको मङ्गलबार उद्घाटन गर्दै उहाँले इयूको चासोको रुपमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) विभाजन विधेयक छिट्टै संसद्बाट पारित हुने र योसँगै नेपाल इयूको सुरक्षा सूचीबाट हट्ने दाबी गर्नुभयो ।

प्राधिकरण विभाजनसम्बन्धी विधेयक हालै सङ्घीय संसदमा पेस भएको छ । यसलाई संसद्को दुवै सदनले छलफल गरेर पारित गर्नुपर्ने हुन्छ ।

“नेपाललाई इयूको सुरक्षा सूचीबाट बाहिर निस्कने पहिलो सर्त भनेकै प्राधिकरणलाई विभाजन गरेर नियामक र सेवाप्रदायक बनाउने हो”, सचिव सिंहले भन्नुभयो, “उक्त विधेयक अहिले संसद्मा दर्ता भएको छ । यसमा पनि विभिन्न प्रतिक्रिया आइरहेका छन् ।”

युरोपेली आयोगले सन् २०१३ देखि नेपालको हवाई क्षेत्रमाथि



गम्भीर सुरक्षा चासो देखाउँदै कालोसूचीमा राखेको छ । सन् २०१३ बाटै अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को गम्भीर सुरक्षा चासो (एसएससी) को सूचीमा राखेकोमा सन् २०१७ जुलाईबाट हटाएको थियो । नेपालले पछिल्लोपटक हवाई सुरक्षा दरमा वृद्धि गरेकाले इयूको कालोसूचीबाट हट्ने सरोकारवालाको विश्वास छ ।

सचिव सिंहले मुलुकको आर्थिक विकासका लागि दिगो पर्यटन विकास अपरिहार्य भएको उल्लेख गर्नुभयो । “मुलुकको दिगो विकास र रोजगारी सिर्जनाका लागि पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका छ, जबसम्म पर्यटनको दिगो विकास हुँदैन तबसम्म मुलुक समृद्ध बन्न सक्दैन”, उहाँले भन्नुभयो, “नीतिगत उल्झन र संरचनागत कमजोरीका कारण पर्यटन क्षेत्रले अपेक्षित गति लिन भने सकेको छैन ।” सचिव सिंहले ६० वर्षको इतिहास बोकेको नाट्टाले नेपालको पर्यटनलाई अन्तरराष्ट्रिय रुपमा प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो ।

त्यसअवसरमा पूर्वपर्यटन सचिव दीपेन्द्रपुरुष ढकालले नेपालको पर्यटन विकासका लागि नेपालको हवाई क्षेत्र इयूको सुरक्षासूचीबाट हट्नुको विकल्प नरहेको बताउनुभयो ।

उहाँले भैरहवास्थित गौतमबुद्ध र पोखरास्थित पोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन गरेर हवाई सेवालाई चुस्त र प्रभावकारी बनाउन जरुरी भएको उल्लेख गर्नुभयो । नाट्टाका अध्यक्ष कुमारमणि थपलियाले पर्यटन विकासका लागि नीतिगत र संरचनागत सुधार जरुरी भएको खाँचो औँल्याउनुभयो ।

कार्यक्रममा नाट्टाका पूर्वकार्यकारी प्रमुख डा हरि शर्मा, नाट्टाका पूर्वअध्यक्ष परिषद्का संयोजक भोलाविक्रम थापालगायतले पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिनुभयो ।

नाट्टा विसं २०२२ फागुन २७ गते स्थापना भएको हो ।

नेपालको पर्यटन प्रवर्द्धन, विकास र नीति निर्माणमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको छ । नाट्टामा हाल मुलुकभर एक हजार एक सयभन्दा बढी टूर तथा ट्राभल व्यवसायी कम्पनी आबद्ध छन् ।

नाट्टाले नेपालमा पर्यटन व्यवसायलाई संस्थागत गर्दै अन्तरराष्ट्रियस्तरमा नेपाली पर्यटनलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण कार्य गर्दै आएको जनाएको छ । समयानुकूल नीति निर्माण, पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम, विभिन्न अन्तरराष्ट्रिय मेलामा सहभागिता जनाउँदै सरकार र निजी क्षेत्रको प्रभावकारी समन्वय र सहकार्य गर्दै आएको संस्थाले जनाएको छ । रासस

## प्रतिनिधिसभामा सुशासनसम्बन्धी विधेयक प्रस्तुत

काठमाण्डु । प्रतिनिधिसभामा ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१’ प्रस्तुत गरिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले आज उक्त विधेयक प्रस्तुत गर्नुभएको हो । विधेयक प्रस्तुत गर्दै उहाँले दुवै सदनको बैठक नभएका बेला कानुन अत्यावश्यक भएकाले अध्यादेशहरू ल्याउनुपरेको बताउनुभयो ।

मन्त्री गुरुङले कुनै पनि आग्रहले सोचाइको क्षितिजलाई साँघुरो बनाउने उल्लेख गर्दै भन्नुभयो, “अध्यादेश भन्ने वित्तिकै विरोध गर्नु भनेको एकाङ्की विचार हो । त्यसको विषय वस्तुमा जानु उपयुक्त हुन्छ ।”


उहाँले सांसदका विचारको आफूले सम्मान गर्ने उल्लेख गर्दै सांसदहरूलाई रचनात्मक ढङ्गले सोच्न आग्रह गर्नुभयो । सरकारले विधेयक ल्याउने विषय संविधानसम्मत नै रहेको बताउँदै मन्त्री गुरुङले विधेयक पारित गर्नका लागि सहयोग गर्न सांसदहरूलाई आग्रह गर्नुभयो ।

यसअघि बैठकले ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक’, २०८१ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथिको विरोधको सूचनालाई अस्वीकृत गरेको थियो । रासस

# समुदायस्तरको पहलमा विदेशिएका सम्पदा फिर्ता आएकामा खुसी

काठमाण्डु । काठमाण्डु महानगरपालिका-२४ वडास्थित केशचन्द्र महाविहार, इतुंबहालका करिब ५५० वर्ष पुराना तीन थान चित्रकला (पौभाः) अमेरिकाबाट नेपाल फिर्ता ल्याइएको छ । नेवाः गुथि न्यूयोर्कको पहलमा अमेरिका पुगेका तीन थान पौभाः र अन्य १७ थान मूर्ति आइतबार नेपाल ल्याइएको थियो ।

आज यहाँ आयोजित पत्रकार सम्मेलनमा केशचन्द्र महाविहार संरक्षण समाजका



अध्यक्ष प्रज्ञारत्न शाक्यले गुँला पर्वका बेला १५ दिनसम्म सार्वजनिक प्रदर्शनीमा राखिने ती पौभाःहरू २०३७ भदौ २९ गते महाविहार परिसरबाटै हराएको जानकारी दिनुभयो ।

सांस्कृतिक तथा धार्मिक महत्वका यी पौभाः अब इतुंबहालमै पुनःस्थापना गरिनुपर्ने र यसका लागि राज्यबाट आवश्यक सुरक्षा प्रबन्ध र अन्य पूर्वाधार बनाइदिनु पर्ने संरक्षण समाजको माग रहेको पनि उहाँले बताउनुभयो ।

काठमाडौँमहानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले समुदायस्तरबाट पहल भई हराएका पुराना कलाकृति स्वदेश फर्काउन सकिएकामा खुसी व्यक्त गर्दै फिर्ता भएका ती सम्पदाको संरक्षणका लागि आफ्नातर्फबाट सहयोग गर्ने वचन दिनुभयो ।

नेवाः गुथि, न्यूयोर्कका अध्यक्ष विजयमान सिंहले हराएका नेपाली कलाकृतिबारे सम्बन्धित ठाउँमै गएर बुझ्ने काम भएको र लामो समयसम्म विभिन्न निकायसँग संवाद र समन्वय गरी स्वदेश फर्काउन सकिएको भन्दै यस अभियानमा संलग्न सबैलाई धन्यवाद दिनुभयो । सोही अवसरमा संरक्षण समाजका तर्फबाट अध्यक्ष सिंहलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

नेपालका तर्फबाट पत्राचार गरिएपछि अमेरिकाको एफबिआइले सुरुमा चासो राखेको भए पनि फिर्ता प्रक्रियाले गति नलिएपछि न्यूयोर्कको डिस्ट्रिक एटर्नीबाट प्रक्रिया अघि बढाउने काम भएको र यस अभियानलाई नेवाः गुथि, न्यूयोर्क, लस्ट आर्ट अफ नेपाल र नेपाल हेरिटेज रिकभरी क्याम्पेन जस्ता संस्थाले समेत सघाएका थिए ।

अमेरिकाबाट नेपाल फर्काइएका ती पौभाःमा ‘चिन्तामणि लोकेश्वर’, ‘केशचन्द्र आजुको भैरव दर्शन’ र ‘गगनसिं तथा उहाँका दुई श्रीमती’ चित्रित छन् । रासस

# नसर्ने रोगका बिरामीको पहिचान गर्दै ‘पौवादुङमा’

भोजपुर । जिल्लाको पौवादुङमा गाउँपालिकाले समाजमा लुकेर रहेका नसर्ने दीर्घरोगीको खोजी थालेको छ । अस्वास्थ्य खानपान तथा जीवनशैलाका कारण नसर्ने रोग बढ्ने सम्भावनालाई ध्यानमा राख्दै रोगको न्यूनिकरण तथा रोकथामको लागि गाउँपालिकाले खोजी थालेको हो ।

गाउँपालिकाले अहिले कार्यक्रम नै सञ्चालन गरेर स्थानीयको घर/घरमा पुगेर दीर्घरागीको खोजीसँगै पहिचान गरिरहेको पौवादुङमा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गेहेन्द्र उपाध्ययले जानकारी दिनुभयो । गाउँपालिकाका ३० वर्ष माथीका सम्पूर्ण नागरिकको स्वास्थ्य परीक्षण भइरहेको उहाँले बताउनुभयो । हालसम्म सात सय जना स्थानीयको स्वास्थ्य परीक्षण गरिएको उहाँको भनाइ छ ।

“हामीले नसर्ने रोगहरूको पहिचान तथा खोजी गरिरहेका छ”, शाखा प्रमुख दाहालले भन्नुभयो, “तीन वटा वडाका सात सय जनाको स्वास्थ्य परीक्षण सम्पन्न गरेका छौँ । यहाँका ३० वर्षमाथिका एक हजार सात सय जनाको स्वास्थ्य परीक्षण गरेर रोगको खोजी गर्ने हाम्रो लक्ष्य छ ।”

हालसम्मको परीक्षणमा यहाँका करिब १५ प्रतिशत नागरिक नसर्ने दीर्घरोगको जोखिममा देखिएको उहाँले जानकारी दिनुभयो ।

परीक्षणका क्रममा १० जनामा मिर्गौला समस्या र १५ जनामा मधुमेहको लक्ष्य देखिएकाले उनीलाई उपचारको लागि



बाहिरका अस्पतालमा पठाइएको शाखा प्रमुख दाहालले बताउनुभयो ।

कार्यक्रममा पर्त उच्चरक्त चाप, मिर्गौला, मधुमेह, मोटोपनका कारण लाग्ने रोगका लागि उचाइ अनुसारको तौलको परीक्षण भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिनुभयो । विशेषज्ञ डाक्टररुको उपस्थितिमा ल्याव परीक्षण गरेर नै नागरिकको स्वास्थ्य जाँच भइरहेको प्रशासकीय अधिकृत भट्टराईले बताउनुभयो ।

“नसर्ने रोगका कारण मावन स्वास्थ्यमा पुर्‍याउने क्षतिको न्यूनीकरणको लागि हामीले त्यस्ता रोगीहरूको खोजी गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “हामीले सानो सावधानी अपनाउन सकेको खण्डमा यस्ता रोगबाट बच्न सकिन्छ । नागरिकलाई सचेतनासँगै नसर्ने रोगको अवस्थाको जानकारी लिन रोगीहरूको खोजी थालेका हौँ । कतिपय मानिसहरूले रोग लुकाएर बस्दा अकालमा ज्यान पनि जान सक्छ । समयमा नै रोग पहिचान, उपचार पद्धति र सजक गराउनका लागि यो कार्यक्रम सञ्चालन गरिरहेका छौँ ।”

अस्वास्थ्यकर खानपिन र जीवनशैलीका कारण वर्षेनी नसर्ने दीर्घरोगको बिरामी बढ्दै गएकाले समयमा नै रोगको पहिचान, रोगथाम तथा बच्ने उपायको विषयमा नागरिकलाई सचेत गराउने उद्देश्यले कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो । योजनाबद्ध रुपमा स्वास्थ्यका अन्य नियमित कार्यक्रम सञ्चालन भइरहेको भए पनि नसर्ने दीर्घरोगको रोकथाम तथा न्यूनीकरणको लागि नागरिकको स्वास्थ्य परीक्षणको काम भइरहेको अध्यक्ष राईले जानकारी दिनुभयो । “मानवको स्वास्थ्य नै धन हो”, उहाँ भन्नुभयो, “हाम्रो सानो असावधानीका कारण ठूलो रोगको सिकार बन्नुपरेको अवस्था पनि छ ।

नसर्ने रोगको तत्काल लक्षण नदेखिने भएकाले बेलैमा रोगको पहिचान र उपचारको प्रक्रिया अघि बढाउन बिरामीको खोजी थालेका हौँ ।

समयमा नै दीर्घरोगको पहिचान गरेर रोकथाम तथा बच्ने उपायको विषय जानकारी गराउन अभियान सञ्चालन गरेका हौँ ।”

नागरिकलाई स्वास्थ्य खानपानमा जोड्न आयातित पेय पदार्थको बिक्री वितरणमा कडाइ गरिएको अध्यक्ष राईले बताउनुभयो । गाउँपालिकाले नागरिकलाई पोषणयुक्त खानपानमा प्रोत्साहन गर्न उन्नत जातका गाई, भैँसी वितरण गरिरहेकोसमेत अध्यक्ष राईले बताउनुभयो । गाउँघरमा पाउने अर्गानिक बस्तुको खानपिन तथा नियमित व्यायमले नागरिकलाई स्वास्थ्य रहन मद्दत गर्ने उहाँको भनाइ छ । “हामीले नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौँ”, अध्यक्ष राईले भन्नुभयो, “मानव स्वास्थ्यमा असर गर्ने खालका पेय पदार्थको बिक्री वितरणमा कडाई गरिरहेका छौँ । बाह्य पेय पदार्थको विकल्पमा दही, मही प्रयोग गर्न नागरिकलाई आग्रह गरिरहेका छौँ । पोषणसँगै गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्यले स्थानीय कृषकलाई यो वर्ष मात्र ८० वटा उन्नत जात गाई वितरण गरेका छौँ ।”

बालबालिका, गर्भवती, सुत्केरी तथा वृद्धवृद्धाको स्वास्थ्यलाई ध्यानमा राखेर गाउँपालिकाले पोषण तथा स्वास्थ्यको क्षेत्रमा विभिन्न खालका काम गरिरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताउनुभयो । नागरिकलाई अर्गानिक(जैविक)खेतीप्रणालीमा जोड्न महिला विकास बोर्डमार्फत गड्यौला बनाउने, प्राङगारिक मल बनाउनेलगायतका कार्यक्रमसमेत सञ्चालन भइरहेको उपाध्यक्ष राईले जानकारी दिनुभयो ।

“हामीले स्वास्थ्यकर कृषि उत्पादनमा जोड दिएका छौँ”, उहाँले भन्नुभयो, “रासायनिक मलको प्रयोगका कारण पनि धेरै किसिमका रोग लाग्ने भएकाले स्वास्थ्यकर कृषि उत्पादनमा जोड दिएका हौँ । कृषकलाई जैविकखेती प्रणाली लाग्न आवश्यक प्रोत्साहनसँगै सचेतनाका कार्यसमेत गरिरहेका छौँ ।”रासस

# फ्रान्सेली नागरिकलाई नेपाल भ्रमण गर्न मन्त्री पाण्डेको आग्रह

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले फ्रान्सेली नागरिकलाई नेपाल भ्रमणका लागि आग्रह गर्नुभएको छ । फ्रान्सको पेरिसस्थित नेपाली दूतावास र नेपाल पर्यटन बोर्डले संयुक्तरुपमा पेरिसमा आयोजना गरेको ‘नेपाल इभिनिङ’ कार्यक्रममा मन्त्री पाण्डेले फ्रान्सेली नागरिकलाई नेपाल भ्रमणको निम्तो दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

मन्त्री पाण्डेले भन्नुभयो, “नेपाल भ्रमण गर्न सबै फ्रान्सेली नागरिकहरूलाई हार्दिक निमन्त्रणा गर्दछौं । नेपाललाई आफ्नो यात्रा सूचीमा समावेश गर्न अनुरोध गर्दछौं ।” मन्त्री पाण्डेले नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक खेलकुद तथा आध्यात्मको अनुपम संगम रहेको उल्लेख गर्दै नेपाल भ्रमण गर्ने पर्यटकका लागि



अविस्मरणीय अनुभव हुने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले नेपाल सरकारद्वारा पर्यटन प्रवर्द्धनका लागि अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूको जानकारी गराउँदै नेपाल सुरक्षित र आकर्षक गन्तव्य रहेको जानकारी गराउनुभएको हो ।

फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले नेपाल-फ्रान्स सम्बन्धको ऐतिहासिक भएको बताउँदै नेपाल भ्रमण गर्ने फ्रान्सेली नागरिकहरूको अनुभव सधैं सकारात्मक रहनेमा विश्वास व्यक्त गर्नभयो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख अधिकृत दीपकराज जोशीले नेपालको पर्यटन प्रवर्द्धनका लागि चालेका पहलमाथि प्रकाश पार्दै नेपाल भ्रमण गर्ने पर्यटकका लागि आकर्षक प्याकेजहरू उपलब्ध रहेको जानकारी दिनुभयो ।

कार्यक्रममाप्रसिद्धफ्रान्सेलीपर्वतारोहीस्वर्गीय मौरिस हर्जोगकी पत्नी एलिजाबेथ हर्जोगलाई सम्मान प्रदान गरिएको थियो । सम्मान ग्रहणपछि हर्जोगले नेपालसँगको आफ्नो विशेष सम्बन्धबारे चर्चा गर्दै नेपाल भ्रमणका सुखद अनुभवहरू अभिव्यक्त गर्नुभएको छ ।

कार्यक्रममा करिब ६० जना पर्यटन व्यवसायी, संस्कृतिप्रेमी तथा नेपालप्रति रुचि राख्ने व्यक्तिहरूको सहभागिता थियो । रासस

# मूलपानीमा करेन्ट लागेर टिपरका सहचालकको मृत्यु

काठमाण्डु । कागेश्वरी मनोहरा नगरपालिका-७ मुलपानीमा करेन्ट लागेर गए राति टिपरका सहचालकको मृत्यु भएको छ ।

मूलपानीबाट अमरसिंह थापा चोक जाने सडकमा बा प्र ०३-००१ ख १३३८ नम्बरको टिपरबाट बालुवा खन्याउने क्रममा बिजुलीको अखम्बाको तार सर्ट भई करेन्ट लागेर गम्भीर घाइते भएका सहचालक १५ वर्षीय सुमन खड्काको उपचारका लागि लैजाने क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

रामेछापको मन्थली नगरपालिका-७ का खड्कालाई उपचारका लागि शङ्खरापुर अस्पताल नारायणटारतर्फ लैजाने क्रममाबाटोमैमृत्युभएकोहो।प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

प्रहरीका अनुसार काठमाडौँ महानगरपालिका-१६ बालाजु वसन्तनगर गुम्बा नजिक एक व्यक्ति मृत फेला परेका छन् । नुवाकोटको ढिकुरे घर बताउने अन्दाजी ३६ वर्षीय नरेन्द्र बाँनिया आज मृत फेला परेका हुन् ।


### सात जुवाडे पक्राउ

काठमाडौँ-२६ मित्रनगर स्थित एक गेष्ट हाउसमा अवैधरुपमा जुवातास खेलिरहेको अवस्थामा सात जुवाडे पक्राउ परेका छन् । प्रहरी प्रभाग गौँगबुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु एक लाख ३५ हजार र तासहित पक्राउ गरेको हो ।

### वर्कसपमा आगलागी

ललितपुर महानगरपालिका-२सानेपा करिडोर स्थित बिना पाण्डेको राजअटो इलेक्ट्रोनिक वर्कसपमा विद्युत् सर्ट भई आज बिहान आगलागी भएको छ । सो आगलागीबाट वर्कसपसँगै जोडिएको पसल र खाजा घरमा समेत क्षति पुगेको प्रहरीले जनाएको छ ।

आगलागीबाट भएको क्षतिको विवरण सङ्कलन भइरहेको छ । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जनआक्रोशलाई बुझ

मंगलबार प्रतिनिधि सभामा बोल्ने सबै सांसद पूर्वराजाको काठमाण्डु विमानस्थलमा भएको स्वागतमा केन्द्रित थिए । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का सांसदहरुले राजाप्रति बढेको जनसहानुभूतिले व्यवस्था परिवर्तन हुने चेतावनी दिएका थिए । तर अन्य दलका सांसदहरुले राजतन्त्र अब कुनै हालतमा नफर्किने विश्वास व्यक्त गरे । उनीहरुले लोकतन्त्रको विकल्प गणतन्त्र हुन नसक्ने तर्क गरे । केही सांसदले पूर्व राजालाई देखाएर एमाले र कांग्रेसले देशलाई लुटिरहेको आरोप लगाए । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको नालायकिपनले देशमा राजतन्त्रको आवाज उठेको आरोप लगाए । भ्रष्टाचारलगायतका बेथिति बढेसँगै जनतामा आक्रोश बढेको छ । त्यसको जिम्मेवार सरकार नै हो । तर गणतन्त्र मास्न खोज्ने विरुद्ध आफूहरु सशक्त रुपमा भीड्ने बताए । संसदमा सबै दलका सांसदहरु पूर्वराजाको स्वागतमा उर्लिएको भीडमा नै केन्द्रित रहेर आफ्ना धारणा राखे । कसैले त्यसलाई लोकतान्त्रिक गणतन्त्रविरुद्धको जनअसन्तुष्टि बताउँदै राजा ल्याउन जनविद्रोह हुने व्याख्या गरिरहेका थिए । कतिपयले त्यो सम्भव नभएको दाबी गरिरहेका थिए । तर समग्रमा सरकारको क्रियाकलापबाट जनअसन्तुष्टि व्यापक बढेको सबैले स्वीकार गरेका छन् । राज्य पक्षबाट देशमा चरम विभेद छ । सरकारले नै विभेद गरिरहेकाले त्यसबाट पनि जनतामा असन्तुष्टि बढेको छ । कुनै पनि क्षेत्रमा सरकारले प्रभावकारी भूमिका निर्वाह गरेको छैन । त्यसकारण पनि जनतामा आक्रोश छ । देशमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रबाट गरिएको अपेक्षा पुरा हुन सकेको छैन । जनतामा व्यवस्थाप्रति नै नैराश्यता बढेको छ । राजतन्त्र हुँदा र गणतन्त्र हुँदाको व्यवस्थाबीच तुलनात्मक बहस हुन थालेको छ । सत्तासिन दलहरुको क्रियाकलापले हरेक क्षेत्रमा बेथिति बढेको छ । त्यसकारण नै देशमा जनआक्रोश बढेको छ । त्यो आक्रोशको केही अंश पूर्वराजाको स्वागतमा देखियो । राजाको स्वागतमा उर्लेको भीडबाट तर्सिनु भन्दा आफ्ना गतिविधिहरुमा सुधार गर्न आवश्यक छ । जनअपेक्षा अनुसारको शासन व्यवस्था आवश्यक छ । नेपालमा हिन्दू राष्ट्रको पक्षमा भारी जनमत छ । त्यसलाई दलहरुले उपेक्षा गरे राजासहितको हिन्दू राष्ट्र घोषणा हुने पक्षमा जनमत तयार हुँदैछ । यथार्थलाई समयमै बुझेर राजनेताहरुले शासन शैलीमा परिवर्तन ल्याउन आवश्यक छ । लोकतन्त्रको विकल्प गणतन्त्र नभए पनि नेपालमा हिन्दू राष्ट्रको विकल्प धर्म निरपेक्षता नभएको सत्यलाई मनन गर्न आवश्यक छ । हिन्दूत्वको नाराले राजावादी ताकतलाई ठूलो शक्ति मिल्ने छ । राज्यबाट हुने सबै प्रकारको विभेदलाई अन्त्य गर्न आवश्यक छ । देशमा उठेको हावालाई सामान्य रुपमा लिने भूल दलहरुले गर्न हुँदैन । व्यवस्था रहे मात्र नेता रहने छन् । सत्ताको उन्मादभन्दा जनभावना अनुकूलको काम तत्काल थाल्न सक्नुपर्छ ।

# विचार: के तपाईँमा त मानसिक रोगको समस्या छैन ?



डा. निराकारमान श्रेष्ठ

काठमाडौँ, २८ फागुन (रासस): हाम्रो परिवारका सदस्य वा छिमेकका मानिसहरू बाहिरबाट हेर्दा स्वस्थ्य देखिए पनि वास्तवमा स्वस्थ नहुन सक्छन्अर्थात् मानसिक रोगबाट प्रभावित भएका हुनसक्छन् । शारीरिक रोगका बिरामीले आफ्नो रोगका बारेमा अरुलाई बताउने गरे पनि मानसिक रोगका बिरामीले सकभर सार्वजनिक गर्न चाहँदैनन् । मानौँ उनीहरू बिरामी नै होइनन्झैँ गरी लुकाउने र परिवारका सदस्यले पनि ढाकछोप गराउन खोज्छन् । जतिबेला अन्य मानिसले थाहा पाउँछन्, त्यतिबेला बिरामीको अवस्था निकै जटिल भइसकेको हुन्छ ।

साधारण जनसङ्ख्याको कम्तीमा पनि दुई प्रतिशत मानिसलाई कडा मानसिक रोग लागेको पाइन्छ । न्युरोसिस पनि धेरै प्रकारको हुन्छ । साधारण जनसङ्ख्याको कम्तीमा १० देखि १५ प्रतिशत मानिसलाई कुनै न कुनै न्युरोसिस रोग लागेको पाइन्छ । त्यस्तै सुस्तमनस्थिति साधारण जनसङ्ख्याको करिब तीन प्रतिशतलाई भएको पाइन्छ । मदिरा तथा लागुऔषधको दुर्व्यसन पनि करिब तीनदेखि पाँच प्रतिशत मानिसमा देखिन्छ । पर्सनालिटी डिसअर्डर पनि करिब एक प्रतिशत मानिसमा देखिन्छ । करिब २५ देखि ३५ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट पीडित हुन्छन् यस अर्थमा मानसिक रोग शारीरिक रोगजस्तै धेरै सङ्ख्यामा हुँदैन भन्ने धारणा सरासर गलत हो ।


सामान्यतया स्वास्थ्य भन्नासाथ शारीरिक स्वास्थ्यलाई बुझिन्छ । शारीरिक, मानसिक र सामाजिक तीनै पक्षको संयोजन भए मात्रै मानिसलाई स्वस्थ्य मान्न सकिन्छ ।

विश्व स्वास्थ्य सङ्गठनले पनि स्वास्थ्य भन्नाले केवल रोग नहुँदैमा या अशक्त नहुँदैमा स्वस्थ भन्न मिल्दैन, शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्ण रूपमा स्वस्थ रहेको अवस्था भनी परिभाषित गरेको छ । तर व्यवहारमा शारीरिक पक्षलाई मात्र विशेष जोड दिइएको पाइन्छ ।

शारीरिक रोग भन्नाले शरीरको रोगजस्तै क्षयरोग, औलो ज्वरो, कालाजार, चिनीको रोग, कुष्ठरोग, क्यान्सर आदिलाई जनाउँछ । मानसिक रोगअन्तर्गत विभिन्न प्रकारका एङ्जाइटी डिसअर्डर, डिप्रेसन, वाइपोलार डिसअर्डर, माइग्रेन, छारेरोग, मादकपदार्थ तथा लागुऔषध दुर्व्यसन, सिजोफ्रेनिया, सुस्तमनस्थिति, पर्सनालिटी डिसअर्डर आदि पर्दछन् । सर्वसाधारण मानिसहरूमा मानसिक रोग भन्नासाथ पागलपन अथवा मानसिक असन्तुलन भएको वा बहुलाएका व्यक्तिको चित्रण मात्र मनमा आउने गरेको पाइन्छ र मानसिक रोग लागेको भन्नासाथ मानसिक रूपले असन्तुलन व्यक्ति भन्ने धारणा भएको पाइन्छ । यो धारणा सरासर गलत हो किनभने हामीले नछानीकन एक सय जना मानसिक रोगीहरू लियौँ भने तिनीहरूमध्ये करिब पाँच जना मात्र पागल अथवा मानसिक रूपले असन्तुलन भएको पाउँछौँ भने करिब ९५ जना अरू सर्वसाधारण मानिसजस्तै देखिन्छन् ।

नेपालमा मानसिक स्वास्थ्य समस्या एक गम्भीर र बढ्दो चिन्ताको विषय हो । पछिल्ला वर्षहरूमा मानसिक रोगबारे चेतना बढ्दै गए पनि, अझै पनि समाजमा यो विषयलाई खुला रूपमा छलफल गर्न हिचकिचाहट देखिन्छ । मानसिक रोगलाई लाज वा कमजोरीका रूपमा हेर्ने प्रवृत्तिले समस्या लुकाउने र उपचार नगर्ने प्रवृत्ति बढाएको छ । गरिबी, बेरोजगारी र वित्तीय अस्थिरताले पनि धेरैलाई डिप्रेसन र तनावको शिकार बनाएको छ । नेपालमा मदिरा र लागुऔषधको सेवन गर्ने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएकाले मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ । विवाह, पढाइ, जागीर र सामाजिक मान्यताका कारण कतिपय मानिसहरू ठूलो मानसिक दबाबमा रहेका छन् ।

शारीरिक स्वास्थ्य तथा शारीरिक रोगको उपचारमा विज्ञानले ठूलो फड्को मारेको छ र जनमानसमा शारीरिक स्वास्थ्यप्रति ठूलो सचेतना तथा जानकारी आए तापनि मानसिक स्वास्थ्य तथा मानसिक रोगप्रतिको गलत धारणा, भ्रम, अन्धविश्वास आदि अझ पनि समाजमा व्यापक रुपमा भएको पाइन्छ । मानसिक रूपले स्वस्थ हुनका लागि व्यक्तिमा समय तथा वातावरणअनुसार अगाडि बढ्न सक्ने क्षमता, भावनात्मक द्वन्द्वबाट ज्यादै विचलित नहुने गुण, अर्थपूर्ण रूपले जीवनयापन गर्नसक्ने क्षमता भएको, आफूमा विद्यमान सामर्थ्यको प्रयोग गरी उत्पादनशील तथा फलदायी काम गर्न सक्ने भएको, अरू व्यक्तिसँग



अर्थपूर्ण सम्बन्ध जोडी सो सम्बन्धलाई निरन्तरता दिन सक्ने क्षमता भएको र कुनै प्रकारका मानसिक रोगका खास लक्षण नभएको अवस्था हुनुपर्छ ।

मानसिक रोग र मानसिक रोगीहरूप्रति संसारका हरेक देशमा केही न केही गलत धारणाहरू पाइन्छ । हाम्रो देशमा पनि मानसिक रोग सम्बन्धमा धेरै अन्धविश्वास तथा गलत धारणाहरू समाजमा व्याप्त छन् । मानसिक रोग विकसित राष्ट्रहरू र विकासोन्मुख राष्ट्रहरूमा बराबर पाइन्छ र सहरी क्षेत्रमा र गाम्रीण क्षेत्रमा पनि यो बराबर हिसाबले देखिएको छ । तर सामाजिक पृष्ठभूमि अलग-अलग भएको कारणले गर्दा रोगको लक्षणहरू अथवा बिरामीको समस्या भने फरक फरक हुन सक्दछ ।

दिन प्रतिदिन मानसिक रोगीको सङ्ख्यामा बढ्दै जाँदा तिनको उपचारमा भने राज्यको ध्यान पुग्न सकेको छैन । तीन करोडभन्दा ज्यादा जनसङ्ख्याका लागि हाल नेपालमा सवा दुई सय जति मात्र मानसिक रोग विशेषज्ञ छन् । मानसिक रोग विशेषज्ञ र जनसङ्ख्याका हिसाबले हालको अनुपात एकदम कम छ । विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार १० हजार जनसङ्ख्याको लागि एक जना मानसिक रोग विशेषज्ञ हुनुपर्नेमा हाल नेपालमा १० लाख ३३ हजार जनसङ्ख्याका लागि एक जनामात्र मानसिक रोग विशेषज्ञ पर्दछ । अर्थात् मानसिक रोग विशेषज्ञको र जनसङ्ख्याको अनुपात १:३३,००,००० मात्र छ । त्यसैले मानसिक रोग विशेषज्ञ र अरु मानसिक स्वास्थ्य कार्यकर्ताको एकदमै कमी भएकाले मानसिक रोगको उपचारमा ठूलो समस्या देखिएको छ ।

जनशक्तिको अभावसँगै पर्याप्त बजेट नहुँदा पनि उपचारमा कठिनाइ हुने गरेको छ । विश्व स्वास्थ्य सगठनको अनुसार हरेक राष्ट्रले आफ्नो कूल राष्ट्रिय बजेटको कम से कम १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रको लागि छुट्याउनुपर्नेमा नेपालले करिब पाँच प्रतिशत मात्र छुट्याउने गरेको पाइन्छ । स्वास्थ्य क्षेत्रमा प्राप्त कूल रकममध्ये केवल ०.२ प्रतिशत मात्र मानसिक स्वास्थ्यलाई छुट्याउने गरेको पाइन्छ । यसरी बजेटको कमीले गर्दा पनि मानसिक रोगको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष समस्या परेको देखिन्छ ।

**मानसिक रोगका लक्षणहरू कस्ता-कस्ता हुन्छन् ?**

शारीरिक रोगका लक्षणहरू शारीरिक भएजस्तै मानसिक रोगका लक्षणहरू पनि प्रायः मानसिक प्रकृतिका हुन्छन् । जस्तै मनोदशा गडबडी, विचारको गडबडी, व्यवहारमा गडबडी, निद्रामा गडबडी, ज्ञानेन्द्रीय अङ्गहरूको अनुभूतिमा गडबडी, सम्झना शक्तिमा गडबडी, अन्तर्दृष्टिमा गडबडी, वुद्धि क्षमतामा गडबडी, एकाग्रतामा गडबडी, कुराकानीमा गडबडी, एकापसको अन्तर्क्रियामा गडबडी, सौखमा गडबडी आदिजस्ता लक्षणहरू मानसिक रोगहरूमा देखा पर्दछन् । सबै प्रकारका शारीरिक लक्षणहरू एउटै शारीरिक रोगमा नदेखेजस्तै सबै प्रकारका मानसिक लक्षणहरू एउटै मानसिक रोगमा देखिँदैनन् ।

कुनै मानसिक रोगमा एक प्रकारका लक्षणहरू देखिन्छन् भने अर्को मानसिक रोगमा अरू प्रकारका मानसिक लक्षणहरू देखिन्छन् । यी लक्षणहरूका आधारमा मानसिक रोग कुन प्रकारका हो भन्ने निदान गरिन्छ र सोहीअनुसार मानसिक रोगीको उपचार गरिन्छ । निद्रा नलाग्ने, बिनाकारण शङ्का गर्ने, बिनाकारण डराउने, उदास हुने, ज्यादा उत्तेजित हुने, असामान्य कुरा गर्ने, असामान्य व्यवहार देखाउने आदि जस्ता मानसिक लक्षणबाहेक टाउको दुख्ने, जीउ दुख्ने, मुटु चाँडोचाँडो धड्कने, छिटोछिटो पिसाब लाग्ने, बोली नआउने, शरीरको कुनै भाग नचल्ने, देख्न नसक्ने, सास फेर्न गाह्रो हुने आदि जस्ता शारीरिक लक्षण पनि मानसिक रोगमा देखा पर्न सक्दछन् ।

**मानसिक रोगका कारणहरू के हुन सक्छन् ?**

मानसिक रोगको कारण यही नै हो भन्न र किटन नसके तापनि वंशानुगत कारण, मनोवैज्ञानिक कारण, सामाजिक कारण, शारीरिक रोगका कारण, टाउकोको घाउ चोटपटकको कारण, सङ्क्रमण रोगका कारण, दिमागमा परजीवीको कारण, शारीरिक रोगका लागि सेवन गरिने कुनैकुनै औषधिका कारण, मस्तिष्कमा हुने एक प्रकारका न्युरोट्रान्समिटर भन्ने रासायनिक पदार्थहरूको गडबडीको कारण, मादक तथा लागुऔषधको अत्यधिक सेवनको कारण, व्यक्तित्वको कारण आदिलाई मानसिक रोगका कारणहरूमा लिन सकिन्छ । तर के छ भने धेरैजसो मानसिक रोगका कारणमा यिनीहरूमध्ये एउटाभन्दा धेरै कारणहरूको भूमिका भएको पाइन्छ । कुनै व्यक्तिमा एउटा कारणको प्राधान्यता हुन्छ भने अर्को व्यक्तिमा अर्कै कारणको प्राधान्यता भएको पाइन्छ । अत्यधिक मादक पदार्थ सेवन गर्नु तथा मादक पदार्थको कुलतमा फस्नु एक प्रकारको मानसिक रोग वा मानसिक विकृति हो ।

**के मानसिक रोगको उपचार सम्भव छ ?**

धेरैजसो मानसिक रोगहरू उपचारपछि ठीक हुन्छ र निको हुन्छ । थोरै प्रतिशत भने निको नहुन सक्दछ र जीवनभर नै औषधि उपचार गरिरहनुपर्ने हुन्छ । तर यिनीहरूमा पनि औषधिले रोगलाई नियन्त्रण गर्न सकिन्छ सबै मानसिक रोगहरूको उपचार हुन्छ र धेरै मानसिक रोगहरू ठीक पनि हुन्छन् । कुनैकुनै शारीरिक रोग पूर्णतया ठीक नहुने र जिन्दगीभर औषधि खानुपर्ने भएजस्तै कुनैकुनै मानसिक रोग पनि त्यस प्रकारका हुन्छ ।

मानसिक रोगका उपचारमा औषधि दिने, बिजुलीको माध्यमबाट उपचार गर्ने, न्युरोमोडुलेसन उपचार, काउन्सेलिङ, साइकोथेरापी, फेमिली थेरापी, ग्रूप थेरापी, सोसल इन्टरभेन्सन, भोकेसनल थेरापी, रिहाविलिटेसन आदि जस्ता विधिहरू अपनाइन्छन् । मानसिक रोगको उपचार बिरामी, उसको परिवार तथा सामाजिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर गर्नुपर्ने हुन्छ । मानसिक रोगको उपचार एक पटक गरेपछि छोड्न नहुने र सधैँभरि गरिरहनुपर्ने हुन्छ भन्ने भ्रम पनि मानिसहरूमा रहेको छ । यो गलत कुरा हो । धेरैजसो मानसिक रोगहरूमा केही महिना औषधि खाएर छोड्न सकिन्छ भने कुनै कुनै मानसिक रोग औषधि उपचार बिना पनि ठीक हुन्छ भने कुनैकुनै मानसिक रोगमा जीवनभर नै औषधि खानुपर्ने हुन्छ ।

नेपालमा धेरै मानिसहरू, विशेषगरी युवाहरू, डिप्रेसनको शिकार भइरहेका छन् ।

कामको चाप, पारिवारिक तनाव र भविष्यको अन्योलका कारण धेरैलाई एन्जाइटी डिसअर्डरको समस्या देखिन्छ । भूकम्प, द्वन्द्व, हिंसा, वा अन्य ट्रमाटिक घटनाहरूबाट गुज्रेका व्यक्तिहरूमा पोस्ट-ट्रमोटिक स्ट्रेस डिसअर्डर भएको पाइन्छ । कतिपयमा बाइपोलार डिसअर्डर, स्किजोफ्रेनिया जस्ता गम्भीर मानसिक रोगहरू पनि देखा पर्ने गरेका छन् । नेपालमा मानसिक रोगको समस्या ठूलो छ, तर यसबारे खुलेर कुरा गर्न र उचित उपचार खोज्न अझै पनि धेरै चुनौतीहरू छन् । मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु आवश्यक छ, ताकि सबै नागरिकहरू स्वस्थ जीवन बिताउन सकून् । यदि तपाईँलाई वा तपाईँको नजिक कसैलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या छ भने, चिकित्सक वा परामर्शदातासँग सम्पर्क गर्नु सबैभन्दा राम्रो उपाय हो ।

(स्वास्थ्य मन्त्रालयका पूर्वसचिव तथा वरिष्ठ मानसिक रोग विशेषज्ञ डा श्रेष्ठसँग गरिएको कुराकानीम आधारित)

# अबको स्वविवु पार्टीको नारा र एजेन्डाको भारी बोक्नेमा सीमित नहोस्



अनिकेत तिवारी

राजनीति केवल तत्कालका समस्याहरूको सतही समाधानको मार्ग, कोरा सिद्धान्त र आश्वासन मात्र होइन, यो विद्यमान समस्याको दिगो तथा दीर्घकालीन समाधान खोज्ने तथा आमअपेक्षाहरूको परिपूर्ति गरी मानिसहरूमा आशा तथा भरोसा जागृत गर्ने नीतिहरूको मूल नीति र अभ्यास पनि हो ।

राजनीतिशास्त्रका पिता अरस्तुका अनुसार मानिस स्वभावैले एक राजनीतिक प्राणी भएको हुँदा ऊ तटस्थ रहन सक्दैन । आमजीवनका हरेक पक्षहरूमा प्रभाव पार्ने विषयको रूपमा रहेको राजनीति समाजको सुसञ्चालन, मानवीय प्रगति तथा मुलुकका हरेक क्षेत्रको उन्नति र विकासको पूर्वसर्त हो ।

'असल, जनपक्षीय, दूरगामी, जनमैत्री तथा सेवा, इमानदारी र आचरणले युक्त राजनीतिको माध्यमबाट नै राष्ट्र निर्माण सम्भव हुन्छ । राजनीतिक विकास एक निरन्तर चलिरहने प्रक्रिया हो । रोम केवल एक दिनमा निर्माण भएको होइन ।' चर्चित उक्तिबाट पनि के पुष्टि हुन्छ भने महत्त्वपूर्ण उपलब्धि, रूपान्तरणका साथै महान् कामहरू तत्कालका परिणति नभई निरन्तरको मिहिनेत, धैर्य र असल नेतृत्वको सत्प्रयासका नतिजा हुन् । सही नेतृत्व आउँदा मुलुक तथा संस्थाले कसरी काँचुली फेर्छ भन्ने तथ्य लि क्वान यू ले बनाएको सिँगापुर तथा स्टिभ जब्सले सिर्जना तथा विकास गरेको एप्पल कम्पनीको तरक्कीले पुष्टि गर्दछ ।

नेपालमा समग्र मुलुक तथा सार्वजनिक संगठन तथा निकायहरूमा एउटा प्रमुख समस्या भनेकै असल सेवामुखी तथा दूरदृष्टियुक्त नवप्रवर्तनशील नेतृत्वको अभाव नै हो भन्ने यथार्थता कतैबाट पनि लुकेको छैन । ज्ञानका केन्द्र तथा मुलुक हाँक्ने जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयहरू असल तथा सक्षम नेतृत्व उत्पादन अभ्यास तथा अभिमुखीकरणका केन्द्र पनि हुन् । अझ राज्यका नीतिहरूलाई मूर्त रूपमा व्यावहारिक कार्यान्वयन गर्ने प्रशासन र यसका जनशक्तिका लागि एक प्रकारको फोकल कलेजको रूपमा रहेको जनप्रशासन क्याम्पस वास्तवमा मुलुकको प्रशासनिक प्रतिबिम्ब पनि हो ।

यो क्याम्पसमाथि मुलुकको प्रशासनिक नेतृत्व र जनशक्तिको जति धेरै आस्था र विश्वास कायम हुन सक्छ, त्यसले यहाँको गुणस्तरीयता प्रवर्द्धन गर्ने मात्र होइन, मुलुकको विकास र सेवा प्रवाहमा उति नै सकारात्मक प्रभाव पार्ने तथ्य जगजाहेर छ । त्यसैले क्याम्पसको शैक्षिक वातावरण र शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्नका लागि यहाँको प्राज्ञिक प्रशासनिक मात्र नभई विद्यार्थी वर्गको सांगठनिक नेतृत्वले समेत गम्भीरतापूर्वक भूमिका निर्वाह गर्नुपर्छ । स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु) विद्यार्थीको साझा प्रतिनिधिमूलक संस्था हो । यसअन्तर्गत पनि बहुसंख्यक विद्यार्थीहरूको आस्थाको केन्द्रको रूपमा रहेको अखिल क्रान्तिकारीको




पदाधिकारी तहमा रहेर मैले देखेको जन-प्रशासन, बुझेको जन-प्रशासन र भोगेको जन-प्रशासनलाई 'इथ्नोग्राफिक एप्रोच'मार्फत विश्लेषण गर्दा के निष्कर्ष निकालेको छु भने वर्तमानमा मुलुक चलाउने मात्र नभई भविष्यमा मुलुकलाई डोऱ्याउनेसम्मका विद्यार्थीहरूको आस्थाको धरोहरको रूपमा यो क्याम्पस रहेको छ ।

यो क्याम्पसको प्राज्ञिक उन्नयनमा आमूल रूपान्तरण मात्र होइन, विद्यार्थी वर्गको अपेक्षा पूर्ति गर्ने र सार्वजनिक व्यवस्थापन तथा प्रशासनिक पुनर्संरचनाका खातिर अब्बल विश्वस्तरीय जनशक्ति उत्पादन गर्न सक्ने गरी जनप्रशासन क्याम्पसलाई सुदृढ गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

पाठ्यक्रम र परीक्षा प्रणालीको सामयिक सुधार, सार्वजनिक निकायहरूमा यहाँका स्नातक विद्यार्थीका लागि पर्याप्त एक्सपोजर तथा अनुभव हासिल गर्ने अवसर प्रदान गर्ने र विद्यार्थीलाई सरकारी सेवाका परीक्षाको तयारी गर्न कुनै ट्यूसन इन्स्टिच्युटमा धाउनै नपर्ने गरी सिकाइको अभ्यास तथा अवसरसँगै लेखनसीप र क्षमता प्रदान गर्ने गरी दक्षता तथा विज्ञता प्रदान गर्नुपर्नेछ । यसका लागि क्याम्पसको प्रशासनिक तथा प्राज्ञिक नेतृत्वको सकारात्मक पहलकदमीसँगै विद्यार्थीको कारात्मक हस्तक्षेप र नेतृत्व आवश्यक देखिन्छ ।

युवा वर्गमा राजनीति र नेताप्रतिको आममनोविज्ञान र धारणा सकारात्मक बन्न नसकिरहेको बेलामा ज्ञान उत्पादन गर्ने विश्वविद्यालयको विद्यार्थी राजनीतिलाई सिर्जनात्मक र नवप्रवर्तनकारी बनाउनु आवश्यक छ । कुत्सित स्वार्थका लागि प्राज्ञिक संस्थामा फोहोरी राजनीति गर्ने तथा विद्यार्थीको हकहित र क्याम्पसमा शैक्षिक सुधारको साटो अमूक नेता तथा पार्टीको भाषा बोल्ने र नारा तथा एजेन्डाको मात्रै भारी बोक्ने पुरातन तथा विकृत विद्यार्थी राजनीति अबको लोकतान्त्रिक तथा अत्याधुनिक युगमा कदापि सह्य हुन सक्दैन ।

यस्तो विद्यार्थी राजनीति 'अफ द पिपल, फार फ्रम द पिपल एन्ड बाई द पिपल' भन्ने स्वार्थी सिद्धान्तमा आधारित हुन्छ । त्यसैले आमविद्यार्थीका माग, अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्ने, सबै विद्यार्थीको भावना अट्ने र हितको प्रतिनिधित्व गर्ने 'अफ द स्टुडेन्ट, बाई द स्टुडेन्ट, फर द स्टुडेन्ट' भन्ने लोकतान्त्रिक चेत भएको, विवेकी तथा सम्पूर्ण विद्यार्थीहरूको अपनत्व र नियन्त्रण कायम भएको नेतृत्वले नै अबको स्वतन्त्र विद्यार्थी युनियन हाँक्ने अवसर पाउनुपर्छ ।

क्याम्पसमा देखिने अड्चनको गाँठो फुकाउन रचनात्मक मार्गचित्र प्रस्तुत गर्ने तथा विद्यार्थीको माग र समस्याको सम्बोधनका लागि हरघडी सक्रिय रहने विद्यार्थीमैत्री नेतृत्व चयनमा सम्पूर्ण विद्यार्थीहरूको सक्रिय सहभागिता रहनेछ भन्ने अपेक्षा हाम्रो छ । यसबाट विद्यार्थीको हकहितका कार्यहरूले भविष्यमा झनै मूर्त रूप पाउनेछन् भन्ने विश्वास दिलाउन सकिनेछ ।

(लेखक जनप्रशासन क्याम्पसका स्वविवु उपाध्यक्ष हुन् ।)

# शून्य समयमा समसमयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु । सांसदहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, शान्ति सुरक्षा र सडक निर्माणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसद वीना लामाले राष्ट्रिय प्राकृतिक तथा वृत्त आयोगले बनाएको मापदण्डमा असन्तुष्टि जनाउनुभयो । "आयोगले समानिकरण अनुदानको मापदण्ड पक्षधरका आधारमा बनाएको आरोप छ", उहाँले भन्नुभयो, "आयोगको स्वीकृति बिना युएसएआइडीका परियोजना दुरुपयोगमा आयोगकै पदाधिकारी संलग्न रहेको सुनिएको छ, यस विषयमा के भएको हो सदनलाई जानकारी गराउनुपर्छ ।"

सांसद श्यामकुमार घिमिरेले सिन्धुलीको सुगुरे खोलाभन्दा अगाडिपट्टि रहेको अक्करेभिरमा बर्सेनि आउने पहिरोका कारण सवारी साधन सञ्चालनमा समस्या भइरहेकोभन्दैसरकारकोध्यानाकर्षण गराउनुभयो । "पहिरोका कारण अक्करेभिरबाट जुनसुकै बेला पनि गाडी खस्न सक्ने जोखिम छ, उक्त स्थानमा हिउँदमा पनि पहिरो झरिरहन्छ, बर्सातमा जोखिम बढी हुन्छ, उक्त समस्या समाधान गर्न सरकारको ध्यान जान जरुरी छ", उहाँले भन्नुभयो ।

सांसद शान्ति विकले अहिलेको केही व्यक्तिले लोकतान्त्रिक गणतन्त्रलाई गलत रुपमा व्याख्या गरेको उल्लेख गर्दै विगत भइसकेको राजतन्त्र वर्तमानमा सम्भव नभएको बताउनुभयो । उहाँले सरकारले अर्थतन्त्र सुधार, रोजगारी सृजना, गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य, पूर्वाधार विकास, सुरक्षा तथा न्यायको व्यवस्थाका साथै दिगो विकासमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद शिव नेपालीले बन्दी महिलाहरूको न्याय, पुनःस्थापना र वित्तीय शिक्षाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद शिशिर खनालले काठमाडौं उपत्यकामा देखिएको खानेपानीको समस्या समाधान गर्नुपर्ने माग गर्नुभयो ।

सांसद शेरबहादुर कुँवरले पछिल्लो केही दिनदेखि विभिन्न माग राखेर आन्दोलनरत शिक्षकहरूको माग सम्बोधन गर्न सरकारसँग माग गर्नुभयो । सांसद शोभा ज्ञवालीले कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सांसद सन्तोष चालिसेले काठमाडौंको जोरपाटी-सुन्दरीजल सडकमा पर्ने चार वटा पुल निर्माण गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सन्तोष परियारले सूर्यविनायक-साँगा-धुलिखेल सडक विस्तारमा ढिलाइ भएको भन्दै जतिसक्दो चाँडो सम्पन्न गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

शून्य समयमा सांसदहरू शङ्कर भण्डरी, सरिता भुसाल, डा स्वर्णिम वाग्ले, शान्ति चौधरी, सुमना श्रेष्ठ, सुनिता बराल, सरस्वती सुब्बालगायतले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# देशको मुख्य समस्या भनेको स्थिर सरकार नहुनु होः मृगेन्द्रकुमारसिंह यादव

काठमाण्डु । राष्ट्रियसभा परिपक्व सदस्यहरूको सभा हो । यो सभाले आफूलाई दिएको अधिकारको प्रयोग गरेर काम गर्दै आएको छ । संविधानको मूल मर्मअनुरुप यसले कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । त्यसैगरी जनताका सवाललाई उठाएर सरकारसम्म पुर्‍याउने काम गर्दै आएको छ । विकास निर्माणमा सरकारलाई घच्घच्याउने काम पनि गर्दै आएको छ । तर पछिल्लो समय प्रतिनिधिसभाका एक सांसदले राष्ट्रियसभालाई 'वृद्धाश्रम' भनेर होच्याएको पनि पाइयो । तर त्यसो होइन । कानुन निर्माण गर्ने सवालमा प्रतिनिधिसभाको तुलनामा बढी छलफल हुन्छ राष्ट्रियसभामा । सरकारले ल्याएका सबै विधेयकमा राष्ट्रियसभाअन्तर्गतका विषयगत समितिमा विस्तृत रूपमा छलफल हुन्छ । समितिमा सरोकारवाला विज्ञलाई बोलाएर छलफल गरिन्छ । म प्रतिनिधिसभामा पनि सांसद थिएँ । तर त्यहाँ राष्ट्रियसभामा जति छलफल हुँदैन ।



जनता समाजवादी पार्टी नेपालले पहिलेदेखि नै अहिलेको संविधानमा सुधार गर्नुपर्छ भन्दै आएको हो । अहिले पनि भन्छौं, संविधानलाई संशोधन गरेर सर्वमान्य बनाउनुपर्छ । संविधानमा धेरै कुरा छुटेका कारण कतिपय विषय कार्यान्वयन हुनसकेको छैन । जस्तो, सङ्घीयताको सही कार्यान्वयन हुनसकेको छैन । सङ्घीयता कार्यान्वयनका लागि बनाउनुपर्ने कानुन पनि बन्न सकेका छैनन् । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छैन । प्रहरीबिना, कर्मचारीबिना प्रदेश सरकार चलिरहेको छ । यदि सङ्घीयतालाई अझै बलियो र सुदृढ बनाउने हो भने सङ्घीय सरकारले जतिसक्दो चाँडो सङ्घीयतासम्बन्धी कानुन बनाएर कार्यान्वयन गर्नुपर्छ । शिक्षा ऐन पनि आउन सकेको छैन । संविधान संशोधनकै लागि हामीले वर्तमान सरकारलाई अहिलेसम्म समर्थन गरिरहेका छौँ । भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्छु भनेर यो सरकारलाई समर्थन दिएको हो ।

सरकारले मधेसी समुदायको मात्र होइन, महिला, आदिवासी जनजाति, दलितलगायत समग्र सीमान्तकृत समुदायको निम्ति काम गर्नुपर्छ ।

सरकारले कसैलाई पनि भेदभाव गर्नु हुँदैन । सरकारको नजरमा सबै जनता बराबर हुन् । सरकारले सीमान्तकृत समुदायसँग सम्बन्धित कानुन बनाएर लागू गर्नुपर्छ । कानुनमा कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन । सरकार सबैको हो । सुशासनको निम्ति पहिला भ्रष्टाचार अन्त्य गर्नुपर्छ । प्रधानमन्त्री वा मन्त्रिपरिषद्का सदस्यले भ्रष्टाचार गरेका छन् भने पनि कारबाही हुनुपर्छ ।

भ्रष्टाचार अन्त्य गर्ने हो भने सरकारमा रहेका मन्त्री र राजनीतिक दलका नेताबाट छानबिन सुरु गर्नुपर्छ ।

त्यसपछि निजामती कर्मचारीमा पनि छानबिन गर्नुपर्छ । यहाँ त भ्रष्टाचारीलाई ढाकछोप गर्ने चलन छ । आर्थिक हिनामिना गरेको छ, भ्रष्टाचार गरेको छभने जोकोहीमाथि कानुनबमोजिम कडा कारबाही हुनुपर्छ ।

यो देशको मुख्य समस्या भनेकै स्थिर सरकार नहुनु हो । एउटाले बल्लतल्ल सरकार बनाएको हुन्छ, अर्कोले ढाल्ने खेल सुरु भैहाल्छ । नौ-नौ महिनामा सरकार परिवर्तन भएर कहाँबाट विकास हुन्छ ? मन्त्रीहरूले राम्रोसँग बुझ्न नपाउँदै सरकार ढलिसक्छ । जोपनि प्रतिपक्षमा हुँदा ठूला- ठूला कुरा गर्ने सरकारमा गएपछि केही पनि नगर्ने परिपाटी छ । जनताको अवस्था कसरी सुधार गर्ने भन्नेतर्फ कुनै राजनीतिक पार्टीको ध्यान छैन । देश विकासका बारेमा कसैले सोचेकै छैन । भाषण ठुल्ठूला गर्ने, काम भनेको सत्तामा जाने मात्रै गर्ने । खासगरी, देशका तीन ठूला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले सत्ताकेन्द्रित राजनीति मात्र नगरी मुलुकका मुख्य समस्यालाई सम्बोधन गर्न गम्भीर हुनुपर्ने खाँचो छ ।

विभिन्न समयमा भएका आन्दोलनबाट प्राप्त उपलब्धि रक्षाका लागि शोषित, पीडित, उपेक्षित समुदाय सङ्गठित हुनु जरुरी छ ।

देशमा सङ्घीय शासन व्यवस्था त्यसै आएको होइन, कठोर सङ्घर्षबाट आएको हो । परिवर्तनबाट थोरै भए पनि अधिकार प्राप्त गरेका जनताले महसुस गर्न पनि पाएका छैनन् । शोषित, पीडित, उपेक्षित जनतालाई यो व्यवस्थामा कमबेसी राहत मिलेको छ । यसलाई पनि उल्ट्याउन विभिन्न शक्तिहरू सक्रिय भएको देखिन्छ ।

देशबाट युवा पलायन रोक्न सरकारले रोजगारी सृजना गर्नुपर्छ । हाम्रो देश कृषिप्रधान हो । यहाँ झण्डै ६५ प्रतिशत जनता कृषि पेसामा छन् । तर कृषकले समयमा मल पाइरहेका छैनन्, सिँचाइको भरपर्दो सुविधा पनि छैन । कृषिलाई आधुनिकीकरण गरेर वैज्ञानिक प्रविधिसँग जोड्नुपर्छ । त्यसो गरेको खण्डमा आयात प्रतिस्थापन गर्न सक्छौँ । अहिले अर्बौंको कृषिउपज आयात भइरहेको छ । देशभित्रै आम्दानीका स्रोत उपलब्ध भए ४०-५० डिग्री तापक्रममा काम गर्न कुन युवा विदेश जान्छ र ? त्यसैले सरकारले कृषिमा लगानी बढाउँदै लैजानुपर्छ ।

हामी सांसदको काम कानुन बनाउने हो । जनताका विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने हो । अब म राष्ट्रियसभामा जतिन्जेल बस्छु, जनताको पक्षमा कानुन निर्माणका लागि भूमिका निर्वाह गर्नेछु । जनताका सवाललाई सरकारसमक्ष पुर्‍याउन पहल गर्नेछु ।

राष्ट्रियसभा सदस्य मृगेन्द्रकुमारसिंह यादवको परिचय

जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष मृगेन्द्रकुमार सिंह यादव राष्ट्रियसभाको सदस्य हुनुहुन्छ । विसं २०४३ मा पहिलोपटक राष्ट्रिय पञ्चायतको सदस्यसमेत बन्नुभएका यादव पूर्वमन्त्री, प्रतिनिधिसभाको सांसद समेतका विभिन्न पदमा रहेर काम गरिसक्नुभएको छ । उहाँ विगत पाँच वर्षदेखि राष्ट्रियसभामा हुनुहुन्छ । विगत लामो सयमदेखि मधेसी समुदायको अधिकारको निम्ति सङ्घर्ष गर्दै आउनुभएका उहाँ एक परिपक्व नेता मानिनुहुन्छ । रासस

# 'टेलिकम क्षेत्रमा कमजोर नियमन, सुधारका लागि नयाँ कानुनी संरचना आवश्यक'

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले दूरसञ्चार क्षेत्रको नियमन कमजोर भएको र यस क्षेत्रलाई थप मजबुद बनाउका लागि कानुनी सुधार अपरिहार्य रहेको बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा आज यहाँ आयोजित 'टेलिकम उद्योगको पुनःरुत्थान' विषयक कार्यक्रममा सञ्चारमन्त्री गुरुङले समग्र दूरसञ्चार उद्योगलाई दिगो एवं व्यवस्थित बनाउने चुनौती रहेको यसका लागि नियामकको कमजोरी प्रमुख समस्या रहेको उल्लेख गर्नुभयो । कमजोर नियमन प्रणालीले यस उद्योगलाई प्रभावकारी बनाउन नसकेको उल्लेख गर्दै हालको दूरसञ्चार क्षेत्रका लागि नयाँ ऐन आवश्यक भएको बताउनुभयो ।

"नयाँ दूरसञ्चार ऐनका लागि काम अघि बढिसकेको छ, सुझाव लिने काम पनि भइरहेको छ, नयाँ ऐनमार्फत अहिले हामीले भोगिरहेका कानुनी, नियामकीय, संरचनागतलगायतका समस्या समाधान हुनेमा विश्वास लिएका छौँ", उहाँले भन्नुभयो । नयाँ ऐनमार्फत टेलिकम सेवा प्रदायकले नवीकरणस्वरुप रु २० अर्ब बुझाउनुपर्ने व्यवस्था परिवर्तन गरिने उहाँको भनाइ थियो ।

टेलिकम क्षेत्रको आर्थिक सूचकाङ्क कमजोर बन्दै गएको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै मन्त्री गुरुङले यस क्षेत्रको समग्र आम्दानी, नाफा र राज्यले प्राप्त गर्ने राजस्वमा गिरावट आएको बताउनुभयो । इन्टरनेट सेवा प्रदायक (आईएसपी) हरूसँगको प्रतिस्पर्धाले टेलिकम कम्पनीहरू मारमा परेको उल्लेख गर्दै उहाँले यस क्षेत्रले नयाँ व्यापारिक रणनीति अपनाउनुपर्ने बेला आएको धारणा राख्नुभयो ।

नेपालको टेलिकम उद्योग सङ्कटग्रस्त अवस्थामा पुगेको तथ्य उल्लेख गर्नुहुँदै मन्त्री गुरुङले दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता सुधार गर्न, नीति र कानुनी संरचना सुदृढ बनाउन, शासकीय क्षमतामा सुधार ल्याउन र नवीनतम व्यापारिक रणनीति अवलम्बन गर्न आवश्यक रहेको बताउनुभयो । यसकारण पनि नीति निर्माताहरूले दूरगामी सोचका साथ सुधारका लागि ठोस कदम चाल्नु आवश्यक रहेको उहाँको भनाइ छ ।



दूरसञ्चार क्षेत्रको कमजोर कार्यसम्पादनलाई समग्र शासकीय क्षमतासँग जोड्दै मन्त्री गुरुङले मन्त्रालय, विभाग र नियामक निकायका काम सन्तोषजनक नभएको उल्लेख गर्नुभयो । उहाँले सरकारी संयन्त्रमा कार्यशैली सुधार्न आवश्यक रहेको र हालको कर्मचारी संयन्त्र प्रभावहीन हुँदै गएको टिप्पणी गर्नुभयो ।

मन्त्री गुरुङले आफ्नो आठ महिनाको कार्यकालमा सुधारका केही प्रयास भए पनि सोचेजस्तो परिणाम प्राप्त हुन नसकेको बताउँदै सरकारी संयन्त्र सुधारका लागि नयाँ कार्ययोजना आवश्यक छ भन्नुभयो ।

कानुन निर्माण प्रक्रियालाई तीव्र बनाउन अध्यादेश ल्याउनुपरेको पनि सञ्चारमन्त्री गुरुङले स्पष्ट पार्नुभयो । उहाँका अनुसार संसद्मा विधेयकहरू लामो समयसम्म विचाराधीन रहनु र कानुन अभावमा प्रशासनिक प्रक्रिया प्रभावित हुनु समस्याको जड हो । त्यसैले, अध्यादेश ल्याउने सरकारको उद्देश्य संसद् छल्न नभई कार्यक्षमतामा सुधार गर्न ल्याइएको मन्त्री गुरुङले बताउनुभयो ।

त्यसअवसरमा सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान नीतिनियम र कानुनको परिपालनामा जोड दिनुभयो । "यस क्षेत्रको नियमन, कार्यान्वयन र सहजीकरण गर्ने सबै निकाय इमानदार हुनुपर्छ । अहिलेको समस्या कहाँ हो र त्यसलाई समाधान गर्नका लागि के गर्न सकिन्छ भनेर सबै सरोकारवाला क्षेत्र एकै ठाउँमा बसेर हामी छलफल गर्न सक्छौँ", सचिव अर्यालले भन्नुभयो ।

इन्टरनेट सेवा प्रदायकहरूले सरकारलाई तिर्नुपर्ने बक्यौता बढिरहेका कारण सरकारले यस उद्योगलाई सहुलियतको नीति लिन नसकेको पनि उहाँको भनाइ छ । "इन्टरनेट सेवाप्रदायक कम्पनीहरूले सरकारलाई तिर्नुपर्ने बक्यौता रकम ठूलो छ । कतिपय विषयहरू अदालतसम्म पनि पुगेका छन् । त्यो चुक्ता नगरेसम्म काम अघि बढ्नसक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "सरकारका कामलाई निगरानी गर्नका लागि पनि महालेखापरीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकाय छन् । यसकारण हामीले विद्यमान कानुनको परिपालना गर्नुको विकल्प छैन ।"

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले देशभर फोरजीको पहुँच शतप्रतिशत नपुगेको बताउनुहुँदै त्यसलाई एक वर्षभित्र पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपभोक्ताको क्षमताअनुसार तत्काल टुजी बन्द गर्नुभन्दा पहिला थ्रिजी बन्द गर्नु उपयुक्त हुने धारणा उहाँले राख्नुभयो ।

हाल दूरसञ्चार सेवाको गुणस्तर निरन्तर घट्दै गएको उल्लेख गर्दै भण्डारीले त्यसमा सुधार आवश्यक रहेको उल्लेख गर्नुभयो । त्यस्तै, दूरसञ्चार सेवाको आकार घटेको भन्नु गलत रहेको टिप्पणी गर्दै उहाँले टेलिकम सेवाबाट इन्टरनेट सेवा प्रदायक (आईएसपी) मा व्यापार सिफ्ट भएको तर्क गर्नुभयो । दूरसञ्चार क्षेत्रमा नयाँ लगानी न्यून बन्दै गएको अवस्थामा व्यापार वृद्धि गर्ने उपायमा ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिँदै उहाँले फाइभजी प्रविधि देशका मुख्य आठ सहरमा सुरु गर्न सकिने बताउनुभयो । फाइभजी प्रविधि अत्यधिक महँगो रहेको भनाइ सत्य नभएको उहाँको दाबी थियो ।

फाइभजीका लागि सेवा प्रदायकहरूले निवेदन दिए एक हप्ताभित्र स्वीकृति दिन प्राधिकरण तयार रहेको उहाँले बताउनुभयो । उहाँले वाइफाइ मोबिलिटीले टेलिकम सेवाप्रदायकको आम्दानीमा असर पुर्‍याइरहेको गुनासोका सम्बन्धमा छलफल आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सूचना प्रविधिविज्ञ मनोहरकुमार भट्टराईले डिजिटल अर्थतन्त्र प्रवर्द्धनका लागि मोबाइल उद्योग आधारभूत माध्यम भएको बताउनुभयो । उहाँले पछिल्ला केही वर्षयता मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा टेलिकम क्षेत्रको योगदान तीन दशमलव छ प्रतिशतबाट एक दशमलव आठ प्रतिशतमा झरेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

देशभर ९० प्रतिशतमा फोरजी सेवा विस्तार भए पनि दश जना प्रयोगकर्तामध्ये दुई जनाले मात्र नियमित रूपमा मोबाइल डाटा उपयोग गर्ने गरेको अध्ययनले देखाएको उहाँको भनाइ थियो । नेपालको मोबाइल इन्टरनेट प्रयोग अन्य छिमेकी देशहरूको तुलनामा निकै कमजोर रहेको उहाँको भनाइ थियो ।

फोरजीको प्रयोग बढ्दै जाँदा सेवाप्रदायकले अस्तित्व जोगाउन ठूलो लगानी गरे पनि सोहीअनुसार प्रतिफल नआउँदा व्यापारमा ह्रास देखिन थालेको भट्टराईले बताउनुभयो । दूरसञ्चार क्षेत्रमा पुँजीगत लगानी निकै बढी हुने उल्लेख गर्दै उहाँले आम्दानीमा ह्रास आउँदा पुँजीगत खर्चमा समस्या बताउनुभयो । उहाँले अहिलेको अवस्थामा मात्रै सेवाप्रदायकलाई वार्षिक रु छ अर्ब पुँजीगत खर्च गर्नुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो । रासस

# प्रधानमन्त्रीसमक्ष अन्तर-व्यवस्थापिका मञ्चको घोषणापत्र हस्तान्तरण

काठमाडु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष अन्तर-व्यवस्थापिका मञ्च, नेपालको १० औं सम्मेलनबाट पारित सातबुँदे घोषणापत्र हस्तान्तरण गरिएको छ ।

उक्त मञ्चको गत पुस १-३ गते गण्डकी प्रदेशको राजधानी पोखरामा सम्पन्न सम्मेलनका निष्कर्षसहितको सात बुँदे घोषणापत्र आज प्रधानमन्त्री निवास, बालुवाटारमा हस्तान्तरण गरिएको हो ।

घोषणापत्र हस्तान्तरणका अवसरमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना, उपाध्यक्ष विमला घिमिरेसहित सातै प्रदेशका सभामुख, उपसभामुख र सङ्घीय संसद्का महासचिव पदमप्रसाद पाण्डेयलगायत सहभागी हुनुहन्थ्यो ।

सो घोषणापत्रमा सङ्घीयता एवं संविधान कार्यान्वयनलाई तीव्रता दिन सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गत निर्माण गरिने कानुनको सन्दर्भमा तीनवटै सभाको परस्पर सम्बन्ध विकास गर्ने प्रतिबद्धता गरिएको छ । यस्तै बन्न बाँकी कानुनको अध्ययन र पहिचान गरी सङ्घीय संसद्बाट कानुन निर्माण गर्न पहल गर्ने जनाइएको छ ।

घोषणापत्रमा संसदीय विषयगत समितिको कामकारबाहीलाई प्रभावकारी बनाउने उद्देश्यले समन्वय र सहजीकरण गर्न सम्बन्धित नियमावलीमा प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष तथा प्रदेशसभाका उपसभामुखको भूमिका स्पष्ट गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

कानुनको कार्यान्वयन मापन एवं उत्तर विधायिकी परीक्षणको कार्य सरकारसँग समन्वय गरी सङ्घ र प्रदेशमा सुरु गर्ने, यसका लागि सम्बन्धित सभाका नियमावलीमा व्यवस्था गर्ने, सरकारले सभामा पेस गर्ने नीति तथा कार्यक्रम सिद्धान्त र प्राथमिकता, पूर्वबजेट छलफल एवं संसद्बाट अनुमोदित बजेट, बजेटको खर्च व्यवस्थापन समेतका सम्बन्धमा अध्ययन विश्लेषण गरी संसद् सदस्यलाई अध्ययन, अनुसन्धानात्मक र प्रशिक्षणात्मक सेवा पुऱ्याउने विषय घोषणापत्रमा उल्लेख छ ।

सो अवसरमा प्रधानमन्त्री ओलीले सबै सरकार र संसद्हरूबीच संविधानले गरेका प्रबन्धबमोजिम भइरहका समन्वय र सहकार्यलाई अझै बढाउनुपर्नेमा जोड दिँदै सङ्घीय सरकारका तर्फबाट हुनुपर्ने सहयोग र समन्वयका लागि आफू तयार रहेको बताउनुभयो । उहाँले राज्यको आर्थिक हैसियतलाई विचार गरेर मात्र संसद्ले सरकारसमक्ष बजेटसम्बन्धी प्रस्ताव पेश गर्नुपर्ने र सरकारका सम्बन्धित मन्त्रालयले पनि संसद्को नेतृत्वले आवश्यकता ठानेर पठाइसकेका प्रस्तावलाई सहजरुपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । रासस


मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
जनकपुरधाम धनुषा

**आर्थिक प्राविधिक प्रस्ताव पेश गर्ने संबन्धि सूचना**

प्रकाशित मिति: २०८१/११/२९

यस तालिम केन्द्रबाट आ.व. ०८१।०८२ मा संचालन हुने सिप विकास तालिम कार्यक्रम संचालनको लागी २०८१/११/१ गते प्रकासित सूचना अनुसार आसय पत्र पेश गरी यस तालीम केन्द्रको मिति २०८१/११/२८ गतेको निर्णय अनुसार सूचिकृत भएका संस्थाहरुले सुचिकृत भएका क्षेत्र र तालिमको विषयमा आर्थिक प्राविधिक प्रस्ताव पेश गर्नको लागी तालिम केन्द्रको वेवसाईट बाट RFP प्राप्त गरी २०८१/१२/२९ गते कार्यालय समय भित्र दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना तालिम केन्द्रको वेवसाईट www.vsdtcdhanusha.madhesh.gov.np बाट प्राप्त गर्नुहोला ।

# रेल बन्धक मुक्त गर्न पाकिस्तानको 'पूर्ण-स्तर'को अपरेसन

एएफपी
पाकिस्तानी सुरक्षा बलले बुधबार पहाडी दक्षिणपश्चिममा विद्रोहीहरूद्वारा बन्धक बनाइएका रेल यात्रुहरूलाई बचाउन 'पूर्ण-स्तर' को अपरेसन सुरु गरेको छ।

दुई दिनको अवधिमा पाकिस्तानी सेनाले घेराबन्दी गरिएको रेलबाट एक सय ५५ जना बन्धकलाई मुक्त गर्न सफल भएको छ । अज्ञात सङ्ख्यामा यात्रुहरू अझै पनि रेलमा रहेका छन् ।

विद्रोहीहरूले मङ्गलबार दिउँसो रेलमार्गको एक भागमा बम विस्फोट गरेर दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा रेलमा आक्रमण गरेका थिए । बलुचिस्तानमा पृथकतावादीहरूको आक्रमण बढेको छ।

सुरक्षा स्रोतहरूका अनुसार, "आतङ्कवादीहरूले आत्मघाती बम हमलाकारीहरूलाई निर्दोष बन्धक यात्रुहरूको ठीक नजिकै तैनाथ गरेका छन् ।"

दुर्गम पहाडी सिबी जिल्लामा घेराबन्दीको क्रममा रेल चालकसहित तीन जनाको मृत्यु भएको छ।

एक सुरक्षा अधिकारीले एएफपीलाई 'पूर्ण-स्तरको अपरेसन' ले बाँकी बन्दीहरूलाई मुक्त गर्ने लक्ष्य राखेको बताए।



"सुरक्षा बलले एक सय ५५ यात्रुलाई सुरक्षित रूपमा उद्धार गरेको छ... २७ जना आतङ्ककारी मारिएका छन्", एक सुरक्षा स्रोतले भन्यो। पहिलेको गणनामा कम्तीमा '३१ जना महिला र १५ जना बालबालिका' समावेश थिए।

रेलमा कति मानिस बाँकी छन् भन्ने कुरा तत्काल स्पष्ट थिएन।

अफगानिस्तान र इरानको सिमानामा रहेको प्रान्तमा बढ्दो हिंसाको पछाडि रहेको पृथकतावादी समूह बलूच लिबरेसन आर्मी (बिएलए) ले तुरुन्तै आक्रमणको दाबी गरेको थियो।

प्रान्तीय राजधानी क्वेटामा एक वरिष्ठ रेलवे सरकारी अधिकारी मुहम्मद काशिफका अनुसार 'चार सय ५० भन्दा बढी यात्रु' लाई बन्धक बनाइएको थियो।

मङ्गलबार मुक्त भएका बन्धकहरूले सुरक्षित रूपमा पुग्नका लागि पहाडी इलाकामा घण्टौंसम्म हिँडेको बताएका छन्।

"हामी कसरी भाग्न सफल भयौँ भन्ने वर्णन गर्न मसँग शब्द छैन। यो भयानक थियो", जाफर एक्सप्रेस रेलमा आफ्नी आमासँग यात्रा गरिरहेका मुहम्मद बिलालले भन्नुभयो।

**पञ्जाबीहरूलाई 'लगियो'**

मेडिकल कर्मचारी नजिम फारुक र रेलवे अधिकारी मुहम्मद अस्लमका अनुसार आक्रमणमा रेलका चालक, एक प्रहरी अधिकारी र एक सैनिकको मृत्यु भएको थियो।

एक यात्रुले बलुच लिबरेसन आर्मीले हालै गरेका आक्रमणहरू जस्तै प्रान्त बाहिरबाट को थिए भनेर पुष्टि गर्न बन्दुकधारीहरूले परिचयपत्रहरू मार्फत क्रमबद्ध गरेको बताए। "उनीहरू आए र आइडी र सेवा कार्डहरू जाँच गरे र मेरो सामुन्ने दुई सैनिकलाई गोली हाने र अन्य चारलाई... कहाँ लगे मलाई थाहा छैन", नजिकैको रेल स्टेशनसम्म चार घण्टा हिँडेपछि एक यात्रुले नाम उल्लेख नगर्ने अनुरोध गर्दै भने, "जो पञ्जाबी थिए, उनीहरूलाई आतङ्कवादीहरूले लगे।"

सञ्चार माध्यमसँग बोल्न अधिकृत नगरिएका एक प्रहरी अधिकारीका अनुसार रिहा गरिएका लगभग ८० यात्रुलाई 'कडा सुरक्षा' मा प्रान्तीय राजधानी क्वेटामा लगिएको थियो।

सुरक्षा बलले गरिब बलुचिस्तानमा दशकौँदेखि विद्रोहसँग लडिरहेका छन्, तर सन् २०२१ मा तालिबानले सत्ता फिर्ता लिएदेखि अफगानिस्तानसँगको पश्चिमी सीमा क्षेत्रमा उत्तरदेखि दक्षिणसम्म हिंसा बढेको छ।

यस क्षेत्रका प्राकृतिक स्रोतहरूको बाहिरी मानिसहरूले शोषण गरिरहेको र अन्य क्षेत्रका पाकिस्तानीहरूलाई लक्षित गरेर आक्रमणहरू बढाएको बिएलएले दाबी गरेको छ।

फेब्रुअरीमा बिएलए लडाकूहरूले बसबाट निस्कने आदेश दिएपछि सातजना पन्जाबी यात्रुको हत्या गरेका थिए।

# भारतका अम्बानीद्वारा स्टारलिङ्कका लागि स्पेसएक्ससँग सम्झौता



एएफपी) । भारतीय अर्बपति मुकेश अम्बानीको जियो प्लाटफर्मले बुधबार एलन मस्कको स्पेसएक्ससँग स्टारलिङ्कको उपग्रह इन्टरनेट सेवा आफ्ना ग्राहकहरूलाई प्रदान गर्न सम्झौता गरेको बताएको छ।

प्रतिद्वन्द्वी टेल्को कम्पनी भारती एयरटेलले यस्तै सम्झौतामा हस्ताक्षर गरेकोएक दिनपछि मस्कर अम्बानीका कम्पनीहरूबीच स्याटेलाइट स्पेक्ट्रम कसरी प्रदान गर्ने भन्ने विषयमा विवाद भएको केही महिनापछि यो घोषणा आएको हो।

कम पृथ्वी कक्ष उपग्रहहरूद्वारा दुर्गम स्थानहरूमा उच्च-गतिको इन्टरनेट पहुँच प्रदान गर्ने स्टारलिङ्कको सम्भावित प्रक्षेपणले भारतमा प्रिडेटरी मूल्य निर्धारणदेखि स्पेक्ट्रम विनियोजनसम्मका मुद्दाहरूमा तीव्र बहस भएको छ।

तर विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको भारतले बृहत् स्याटेलाइट ब्रोडब्यान्ड सेवाहरूको प्रक्षेपणका लागि तयारी गरिरहेको बेला स्पेसएक्स र भारतका टेलिकमहरूले अपनाउन सहयोग गर्न हात मिलाएको देखिन्छ।

एक विज्ञप्तिअनुसार यो सम्झौताले जियोले 'आफ्ना खुद्रा आउटलेटहरूमा स्टारलिङ्क उपकरणहरू' प्रदान गर्ने र भारतीय कम्पनीले 'ग्राहक सेवा स्थापना र सक्रियतालाई समर्थन गर्न मद्दत' गर्ने पनि देखिन्छ।

"पार्टीहरूले भारतका सबैभन्दा ग्रामीण र दूरदराजका क्षेत्रहरू सहित देशभर विश्वसनीय ब्रोडब्यान्ड सेवाहरू प्रदान गर्न, डाटा ट्राफिकका हिसाबले विश्वको सबैभन्दा ठूलो मोबाइल अपरेटरका रूपमा जियोको स्थितिको फाइदा उठाउनेछन्", विज्ञप्तिमा भनिएको छ।

जियोले यो सम्झौता 'स्पेसएक्सले भारतमा स्टारलिङ्क बेच्नका लागि आफ्नै अनुमति प्राप्त गर्ने' कुरामा निर्भर रहेको बताएको छ।

गत महिना स्टारलिङ्कको इजाजतपत्र आवेदन प्रारम्भिक नियामक स्वीकृतिको नजिक पुगेको भारतीय मिडिया रिपोर्टहरूले बताएका थिए । अम्बानीको दूरसञ्चार एकाइले पनि स्याटेलाइट ब्रोडब्यान्ड सेवा प्रदान गर्न छुट्टै काम गरिरहेको छ।

जियो प्लेटफर्मले जियोस्टेशनरी र मध्यम पृथ्वी कक्ष उपग्रहहरूको संयोजन प्रयोग गरेर ब्रोडब्यान्ड सेवाहरू प्रदान गर्न सन् २०२२ मा लक्जमबर्गको एसइएससँग संयुक्त उद्यमको घोषणा गरेको थियो।

गत महिना वासिङ्टनमा मस्कले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेपछि पनि जियो-स्पेसएक्स सम्झौता आएको हो।

प्रविधि उद्यमी मस्कको भारतमा व्यापारिक रुचि हाल सामाजिक मिडिया प्लेटफर्म एक्समा सीमित छ।

विद्युतीय सवारी निर्माता टेस्लाले विश्वको पाँचौँ ठूलो अर्थतन्त्रमा प्रवेश गर्न तयारी गरिरहेको छ।

टेस्लाले गत महिना नयाँदिल्ली र मुम्बईका लागि स्टोर प्रबन्धक र सेवा प्राविधिकहरूका लागि जागिरको विज्ञापन जारी गर्दै भारतमा भर्ती सुरु गर्न थालेको थियो।

# ग्रिनल्यान्डको संसदीय चुनावमा अति राष्ट्रवादी पार्टीलाई सबैभन्दा बढी मत प्राप्त

एपी। अति राष्ट्रवादी डेमोक्राटिट पार्टीले ग्रिनल्यान्डको संसदीय चुनावमा सबैभन्दा बढी मत प्राप्त गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषित लक्ष्य कुनै न कुनै तरिकाले टापुमाथि नियन्त्रण हासिल गर्ने भन्ने छायाँमा मतदानमा गएको ग्रिनल्यान्डमा यो आश्चर्यजनक परिणाम हो।

डेमोक्राटिट (डेमोक्रेट्स) र दोस्रो स्थान हसिल गरेको नालेरक (पोइन्ट अफ ओरिएन्टेसन) दुवै डेनमार्कबाट स्वतन्त्रताको पक्षमा छन् तर परिवर्तनको गतिमा फरक छन्।

वर्षौंदेखि यस क्षेत्रमा शासन गरिरहेका दलहरूमाथि डेमोक्राटिटको आश्चर्यजनक विजयले ग्रिनल्यान्डमा धेरैले स्वास्थ्य सेवा, शिक्षा, सांस्कृतिक सम्पदा र अन्य सामाजिक नीतिहरूको बारेमा उत्तिकै चिन्तित छन् भन्ने सङ्केत गर्दछ।

"ग्रिनल्यान्डको राजनीतिक इतिहासमा यो एउटा ऐतिहासिक परिणाम हो भन्ने मलाई लाग्छ", डेमोक्राटिट पार्टीका नेता जेन्स-फ्रेडरिक निल्सनले परिणामपछि चुनावी पार्टीमा भन्नुभयो।

ग्रिनल्यान्डको अखबार सर्मिट्सियाकका अनुसार निल्सन आफ्नो पार्टीको लाभ देखेर चकित देखिनुभएको थियो, फोटोहरूमा उहाँ चुनावी पार्टीमा विशाल मुस्कान र ताली बजाउँदै देखिनुभएको थियो।

निल्सनले आफ्नो पार्टीले ग्रिनल्यान्डको भविष्यको राजनीतिक मार्गका लागि वार्ता गर्न अन्य सबै दलहरूसँग सम्पर्क गर्ने बताउनुभएको डेनिस ब्रोडकास्टिङ कर्पोरेसनले उल्लेख गरेको छ।

राजधानी न्युकको मतदान केन्द्रमा दिनभर न्यानो घाममा ठूलो भीड आएपछि अप्रत्याशित परिणामहरू आएको थियो। थकित मतदान अधिकारीहरूले सबैलाई मतदान गर्ने मौका दिन सुनिश्चित गर्न मङ्गलबार योजनाबद्ध राति ८ बजे (स्थानीय समय) पछि नै मतदान केन्द्रहरू बन्द गरेका थिए।

प्रधानमन्त्री म्युट बोरुप एगेडले फेब्रुअरीमा ग्रिनल्यान्डले कहिल्यै अनुभव गरेको जस्तो 'गम्भीर समय' मा देशलाई एकताबद्ध हुन आवश्यक रहेको भन्दै अलि चाँडै निर्वाचनको घोषणा गर्नुभएको थियो।

बुधबार परिणामहरू थाहा भएपछि एगेडले फेसबुक पोष्टमा मतदाताहरूलाई मतदान गरेकोमा धन्यवाद दिनुभयो र पार्टीहरू सरकार गठन गर्न वार्ता गर्न तयार रहेको बताउनुभयो।

गत हप्ता काङ्ग्रेसको संयुक्त सदनमा ट्रम्पले ग्रिनल्यान्डलाई 'कुनै न कुनै तरिकामा' प्राप्त गर्न गइरहेको सोचेको बताउनुभएको थियो।

डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्ड उत्तरी अटलान्टिकमा रणनीतिक हवाई र समुद्री मार्गहरूमा फैलिएको छ र मोबाइल फोनदेखि नवीकरणीय ऊर्जा प्रविधिसम्म बनाउन आवश्यक दुर्लभ पृथ्वी खनिजहरूको समृद्ध भण्डार छ।



एगेडको इनुइट अताकातिगिइट (युनाइटेड इनुइट) ले व्यापक रूपमा जित्ने अपेक्षा गरिएको थियो। त्यसपछि सियामुटले जित्ने अपेक्षा गरिएको थियो। यी दुई दलले हालका वर्षहरूमा ग्रिनल्याण्डको राजनीतिमा प्रभुत्व जमाएका थिए।

डेनमार्कबाट अलग हुने कुरा मतपत्रमा थिएन तर सबैको मनमा थियो। छपन्न हजार जनसङ्ख्या भएको यो टापु कम्तीमा सन् २००९ देखि स्वतन्त्रताको बाटोमा छ र यसले स्वतन्त्रता घोषणा गर्ने समय आएको छ कि छैन भनेर बहस गर्ने बेला निर्वाचित ३१ सांसदले टापुको भविष्यलाई आकार दिनेछन्।

चुनावमा पाँच मुख्य पार्टीमध्ये चारले स्वतन्त्रता खोजेका थिए तर कहिले र कसरी भन्नेमा असहमत थिए।

# चीनले यस हप्ता रुस र इरानलाई आणविक वार्ताका लागि आतिथ्य गर्ने

एएफपी । चीनले शुक्रबार तेहरानको आणविक कार्यक्रमबारे त्रिपक्षीय वार्ताका लागि रुस र इरानलाई आतिथ्य गर्ने बेइजिङको विदेश मन्त्रालयले बताएको छ।

"तीन पक्षले इरानी आणविक मुद्दा र अन्य आपसी चासोका विषयहरूमा विचार आदानप्रदान गर्नेछन्", विदेश मन्त्रालयका प्रवक्ताले बुधबार भने । बैठकमा चीनका उप-विदेशमन्त्री मा झाओजु, रुसी उप-विदेशमन्त्री र्याब्कोभ सर्गेई अलेक्सेभिच र इरानी उप-विदेशमन्त्री काजेम घरिबाबदीले भाग लिनुहुनेछ।

सन् २०२१ मा समाप्त भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा वासिङ्टनले प्रतिबन्ध राहतको बदलामा इरानको आणविक कार्यक्रममा नियन्त्रण लगाउने ऐतिहासिक सम्झौताबाट पछि हटेको थियो।

वासिङ्टनको फिर्तापछि तेहरानले एक वर्षसम्म सन् २०१५ को सम्झौतालाई पालना गऱ्यो तर त्यसपछि आफ्ना प्रतिबद्धताहरू फिर्ता लिन थाल्यो।

सम्झौतालाई पुनर्जीवित गर्ने प्रयासहरू त्यसयता असफल भएका छन्।

# ट्रम्पको व्यापार युद्धपछि रुबियो क्यानाडा जाँदै


एएफपी । अमेरिकी विदेशमन्त्री मार्को रुबियो राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनको उच्चस्तरीय भ्रमणमा बुधबार क्यानाडाका लागि प्रस्थान गर्नुभएको छ।

ट्रम्पले संयुक्त राज्य अमेरिकाको छिमेकी क्यानाडाले अस्तित्वको चुनौतीका रूपमा वर्णन गरेको व्यापार युद्ध सुरु गर्नुभएको छ।

रुबियो क्युबेकको चार्लोभिक्समा विदेशमन्त्रीहरूको जी७ वार्तामा भाग लिनुहुनेछ।

त्यहाँ उहाँले रुसको सन् २०२२ को आक्रमणपछि युक्रेनलाई समर्थन गर्न एकजुट भएका औद्योगिक प्रजातन्त्रहरूको समूहलाई मस्को र किएभ दुवैलाई सम्झौता गर्न दबाब दिने ट्रम्पको दृष्टिकोणलाई समर्थन गर्न जोड दिने योजना बनाउनुहुनेछ।

रुबियो असामान्य सर्किट मार्ग लिँदै साउदी बन्दरगाह सहर जेद्दाबाट बुधबार बिहान प्रस्थान गर्नुभयो।



जेद्दामा एक दिनअघि उहाँले प्रारम्भिक युद्धविराम योजनाबारे छलफल गर्न शीर्ष युक्रेनी अधिकारीहरूलाई भेट्नुभएको थियो।

अधिकांश अमेरिकी प्रशासनहरूमा राष्ट्रपति र वरिष्ठ अधिकारीहरूले क्यानडालाई पहिलो गन्तव्य बनाउँछन् र भ्रमणहरूले थोरै ध्यान आकर्षित गर्छन्, मित्रवत छिमेकीहरू आफ्नो दीर्घकालीन सम्बन्धहरू पुनः पुष्टि गर्नमा केन्द्रित हुन्छन्।

तर सत्तामा फर्किएपछि ट्रम्पले कम जनसङ्ख्या भएको क्यानाडालाई संयुक्त राज्य अमेरिकाको '५१औँ राज्य' बन्नुपर्ने भनेर खिसी गर्दै र यसमाथि कर लगाएर क्यानाडालाई आघात पुऱ्याउनुभएको छ।

क्यानाडा र अन्य अमेरिकी व्यापारिक साझेदारहरूले सबै इस्पात र एल्युमिनियम आयातमा २५ प्रतिशत कर लगाएकै दिन रुबियो क्यानाडा आइपुग्दै हुनुहुन्छ। मङ्गलबार ट्रम्पले क्यानाडामा कर दर दोब्बर गर्ने धम्की दिनुभयो तर सबैभन्दा बढी जनसङ्ख्या भएको प्रान्त ओन्टारियोले तीन अमेरिकी राज्यमा बिजुलीमा लगाएको अतिरिक्त महसुल स्थगित गर्न सहमत भएपछि पछि हट्नुभयो।

रुबिओले क्यानाडाली विदेशमन्त्री मेलानी जोलीसँग भेट्दा सम्भवतः व्यापार तनावबारे छलफल गर्ने स्वीकार गर्नुभयो। यद्यपि दुई देशको अझै पनि जी७ सहित 'साझा चासो' रहेको बताउनुभयो।

"हामीले मिलेर काम गर्ने कुराहरू अहिले हामी असहमत भएका कुराहरूबाट नकारात्मक रूपमा प्रभावित हुन नदिन सम्भव भएसम्म प्रयास गर्नु हाम्रो दायित्व हो", उहाँले साउदी अरेबिया जाँदै गर्दा पत्रकारहरूलाई भन्नुभयो।

क्यानडाका निवर्तमान प्रधानमन्त्री जस्टिन ट्रुडोले आइतबार देशले आफ्नो दक्षिणी छिमेकीबाट 'अस्तित्वको चुनौती' सामना गर्नुपरेको चेतावनी दिनुभयो।

चाँडै ट्रुडोको उत्तराधिकारी बन्नुहुने मार्क कार्नीले चेतावनी दिनुभयो, "अमेरिकीहरू हाम्रो स्रोत, हाम्रो पानी, हाम्रो भूमि, हाम्रो देश चाहन्छन्।"

ट्रम्पले ट्रुडोलाई देशको सीमा निर्धारण गर्ने सन् १९०८ देखिको सन्धि संशोधन गर्न चाहेको बताउनुभएपछि ट्रुडोको चिन्ताको भावना बढेको न्युयोर्क टाइम्सले भर्खरै रिपोर्ट गरेको छ।


ट्रम्पले सीमा सन्धि उठाउनुभयो कि भएन भन्नेबारे आफूलाई थाहा नभएको रुबियोले बताउनुभयो । यद्यपि उहाँले जी७ वार्तामा यो विषय उठ्ने अपेक्षा नगरेको बताउनुभयो।

# अमेरिका र रुसका गुप्तचर प्रमुखहरू नियमित सम्पर्क कायम राख्न सहमत

एएफपी। अमेरिका र रुसका गुप्तचर निकायका प्रमुखहरूले फोनमा कुराकानी गरेको र अमेरिका-रुस सम्बन्धमा तनाव कम गर्न नियमित सम्पर्क कायम राख्न सहमत भएको बुधबारका समाचार रिपोर्टहरूले जनाएका छन्।

धेरै वर्षपछि पहिलो पटक यस्तो सम्पर्कमा सिआइए प्रमुख जोन र्याटक्लिफ र रुसको बाह्य गुप्तचर एजेन्सी एसभिआरका प्रमुख सर्गेई नारिस्किनले मङ्गलबार फोनमा कुरा गर्नुभएको सरकारी तास एजेन्सीले जनाएको छ।

उहाँहरू आफ्ना एजेन्सीहरूबीच 'अन्तराष्ट्रिय स्थिरता र सुरक्षामा योगदान पुऱ्याउनका साथै मस्को र वासिङ्टनबीचको सम्बन्धमा द्वन्द्व कम गर्न' 'नियमित सम्पर्क' गर्न सहमत हुनुभएको छ।



यो फोनवार्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तीन वर्षे युक्रेन सङ्घर्ष अन्त्य गर्ने प्रतिज्ञा गर्दै पदभार सम्हालेपछि पहिलो यस्तो सम्पर्क थियो।

युक्रेनले ३० दिनको युद्धविरामका लागि अमेरिकी प्रस्तावलाई समर्थन गरेको र साउदी अरबमा सङ्कटपूर्ण वार्तामा रुससँग तत्काल वार्ता गर्न सहमत भएकै दिन यो फोनवार्ता भएको थियो।

सिआइए र एसभिआरका प्रमुखहरूबीच अन्तिम सम्पर्क सन् २०२२ नोभेम्बरमा भएको थियो । त्यसबेला नारिस्किनले अङ्कारामा तत्कालीन सिआइए प्रमुख विलियम बर्न्ससँग कुरा गर्नुभएको थियो।

# ट्रम्पको पत्र 'चाँडै' प्राप्त गर्ने इरानको भनाइ

एएफपी। इरानका शीर्ष कूटनीतिज्ञले आफ्नो मुलुकसँग आणविक सम्झौता गर्न आह्वान गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पत्र एउटा अरब देशले चाँडै नै तेहरानमा पुऱ्याउने बताएका छन्।

"पत्र अहिलेसम्म हामीसम्म पुगेको छैन तर एउटा अरब देशका दूतले चाँडै तेहरानमा पुऱ्याउने तयारी गरिएको छ", विदेशमन्त्री अब्बास अराघचीले मन्त्रिपरिषद् बैठकपछि पत्रकारहरूलाई भन्नुभयो।

उहाँले अरब देशको पहिचान वा पत्र पुऱ्याउने समयबारे थप विवरण दिनुभएन।

शुक्रबार ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीलाई तेहरानको आणविक कार्यक्रममा नयाँ सम्झौता गर्न वार्ताको आह्वान गर्दै पत्र लेखेको बताउनुभएको थियो। उहाँले अन्यथा नत्र सम्भावित सैन्य विकल्पको सामना गर्नुपर्ने उल्लेख गर्नुभएको थियो।

तर इरानले जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले पुनःस्थापित गरेको 'अधिकतम दबाब' नीतिअन्तर्गत वार्तालाई अस्वीकार गरेको छ।

# उद्योग क्षेत्र समृद्धिको बाटोमा छः उद्योगमन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालको उद्योग क्षेत्र यतिबेला समृद्धितर्फ उन्मूख रहेको बताउनुभएको छ ।

मेरो अटोले आज यहाँ आयोजना गरेको अटोमोटिभ कनक्लेभ-२०८१ को उद्घाटन सत्रमा उहाँले आर्थिक सुधारका पक्षमा सरकार दृढताका साथ लागिपरेको उल्लेख गर्दै त्यसले उद्योग क्षेत्रलाई समृद्धिको बाटोमा ल्याइरहेको बताउनुभएको बताउनुभयो ।

मन्त्री भण्डारीले निजी क्षेत्रको समग्र विकासका लागि नीतिगत तथा अन्य विषयमा सुझावका लागि आह्वान गर्नुभयो । अहिलेका ऐन खण्डीत नहुने गरेर नीतिगत सुधारका लागि उहाँले सुझाव माग गर्नुभयो । आफू उद्योगमन्त्रीका रुपमा रहँदासम्म उद्योग क्षेत्रको सुधारका क्षेत्रमा जतिसुकै नकारात्मक आलोचना गरिए पनि बिना कुनै स्वार्थ लागिपर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।



हो । सरकारले निजी क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको जनाउँदै मन्त्री भण्डारीले अर्थतन्त्रमा देखिएका समस्या समाधानमा सरकार केन्द्रित रहेको उल्लेख गर्नुभयो ।

नयाँ बजेटको छलफल शुभारम्भ भएको जनाउँदै उहाँले उद्योग मन्त्रालयको नीतिगत सुधारका लागि र निजी क्षेत्रको सुधारका लागि अर्थ मन्त्रालयबाट बजेट माग गरिने

नेपालका उद्योगी तथा व्यवसायीले विभिन्न प्रहार झेल्नुपरेको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाली उद्योगको उत्थानका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो । स्वदेशी वस्तु उपभोगको विषय दोहोऱ्याउँदै उहाँले नेपाली उत्पादनको प्रयोग नगर्ने प्रवृत्तिले यहाँका उद्योग धराशायी बन्नुपरेको बताउनुभयो । रासस

# चुरे समितिमा दस वर्षमा झण्डै रु १५ अर्ब खर्च, उपलब्धि कति ?

काठमाण्डु । राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति स्थापना भएयता १० वर्षमा झण्डै रु १५ अर्ब खर्च भएको छ । समितिले यस अवधिमा गरेको खर्च उद्देश्यअनुसारको उपलब्धिबारे समिक्षा हुन थालेको छ ।

विसं २०७१ असार २ गते स्थापना भएको समितिले आर्थिक वर्ष २०८०/८१ सम्म रु १४ अर्ब ९६ करोड खर्च गरेको छ । समितिका अनुसार यस अवधिमा वित्तीय प्रगति ८८ दशमलव ९३ र भौतिक प्रगति ९१ दशलवल ८४ प्रतिशत भएको छ । समितिमा मासिक तलब सुविधा लिने छ पदाधिकारीसहित १२४ जना कर्मचारीको दरबन्दी रहेकामा हाल ८६ जनाको पदपूर्ति रहेको छ ।

समितिले हालसम्म एक हजार ४५९ स्थानमान गल्छी, पहिरो, खहरे नियन्त्रण, १६६ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षिय बाली विस्तार गरेको समितिका अध्यक्ष डा किरण पौडेलले जानकारी दिनुभयो । त्यस्तै पाँच हजार २३० हेक्टरमा हरियाली प्रवर्द्धन कार्यक्रम गरेको र दुई करोड ९३ लाख ४९ हजार विरुवा उत्पादन र वितरणलाई समितिले उपलब्धिमा मानेको छ ।

"हालसम्म हामीले नदि/खोला किनारामा ४१२ किमी तटबन्ध निर्माण, १६२ हेक्टर हरित पेटिका निर्माण, १३९ सिमसार तालतलैया संरक्षण/पुनःनिर्माण, ६२८ वर्षातको पानी सङ्कलन पोखरी निर्माण र ५४८ वटा पानी मुहान संरक्षण गरेको छौँ", उहाँले भन्नुभयो, "यस बाहेक अन्य विभिन्न कार्य पनि गर्दै आएका छौं, गुरुयोजनाअनुसार बजेट प्राप्त गर्न नसकेका कारण अपेक्षाकृत काम गर्न सकेका छैनौ, आवश्यकताअनुसारको जनशक्तिको पनि कमी छ ।"

ललितपुरमा केन्द्रीय कार्यालय रहेको समितिले मुलुकभर सलकपुर, जनकपुर, चितवन, बुटवल र लम्कीमा कार्यक्रम कार्यान्वयन इकाई स्थापना गरी काम गर्दै आएको जनाएको छ । चुरे क्षेत्र सात प्रदेशका ३७ जिल्ला र ३२५ स्थानीय तहमा फैलिएको छ । कमलो भूवनोट, जनसङ्ख्या बसाईसराई, जलवायुजन्य जोखिम, आगलागीलगायतका कारणले चुरे विनास हुँदै गएको छ । चुरेको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्बर्द्धनद्वारा गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने लक्ष्यका साथ भएको समितिको स्थापना भएको हो ।




समितिले स्थापनाकालदेखि नै विभिन्न विवाद र चुनौतीको सामना गर्नुपरेको थियो । राजनीतिक हस्तक्षेपको सामना गर्नुपरेको गुनासो गर्दै आएको समितिले आफै बेला बेला भ्रष्टाचार र अनियमितताको आरोप पनि खेप्दै आएको छ । हाल समितिका दुई पदाधिकारीको नियुक्तिमा अयोग्यता पुष्टि भएपछि अदालतको आदेशानुसार पदमुक्त भएका छन् । पछिल्लो समय समितिलाई प्रभावकारी र चुस्त बनाउन सरकारले यसको पुनःसंरचनाका लागि कार्यदल गठन गरी सुझाव सङ्कलन गर्न लागेको छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले समुदायलाई वेवास्ता गरी समितिको स्थापना भएको भन्दै सुरुदेखि नै विरोध जनाउँदै आएको छ । महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले समितिका काम स्थानीय जनतासँग नजोडिएको भन्दै समिति जनतामाथि शासन गर्न गठन गरिएको टिप्पणी गर्नुभयो ।

"यसले स्थानीय आदिवासी/जनजातिको अधिकार कुण्ठित गरेको छ । यो समिति तत्काल खारेज गर्नुपर्छ, यो जति दिन रहन्छ, त्यति नै चुरे विनाश हुने क्रम पनि जारी रहन्छ, चुरेको संरक्षण गर्न समुदाय नै सक्षम छन्", उहाँले भन्नुभयो, "समुदायलाई पन्छाएर गरिएका काम दिगो हुन सक्दैनन् । प्राकृतिक स्रोतको अधिकारबाट स्थानीय समुदायलाई बञ्चित गर्नुहुँदैन ।"

चुरे समितिका संस्थापक अध्यक्ष रामेश्वर खनालले भने समितिले चुरेको संरक्षणमा उल्लेख्य योगदान रहेको बताउँदै समितिका काम प्रभावकारी बनाउन समितिलाई गुरुयोजना कार्यान्वयन गर्ने गरी बजेटको व्यवस्था हुनुपर्ने र आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो । साथै चुरेसम्बन्धी ऐन ल्याउनुपर्ने, समितिमा समुदायको समेत प्रतिनिधित्व गर्नुपर्ने, प्रदेश सरकार र सरोकारवाला निकायलाई समन्वय गर्ने गरी काम गर्नुपर्ने उहाँको सुझाव छ ।

त्यस्तै चुरे विज्ञ डा विजयसिंह दुनवारले तराई मधेसको सुरक्षित भविष्यका चुरेको संरक्षण अतिआवश्यक भएको बताउँदै चुरे विनाश भएमा तराई क्षेत्र मरुभूमिमा परिणत हुनेमा चिन्ता व्यक्त गर्नुभयो । चुरे संरक्षणका लागि समितिको महत्व दर्शाउँदै उहाँले पनि समितिका काम प्रभावकारी बनाउन चुरेसम्बन्धी ऐन ल्याउनुपर्ने सुझाव दिनुभयो ।

महालेखापरीक्षकको कार्यालयले समितिले लक्ष्यअनुसार प्रगति नभएको औल्याएको छ । महालेखापरीक्षकको ६१औँ वार्षिक प्रतिवेदनमा समितिको गुरुयोजनाको पहिलो पाँच वर्षको लक्ष्य प्रगति विवरणअनुसार ३६ जिल्लामा वन व्यवस्थापकीय एकाइ छुट्टिने गरी वन क्षेत्रको नक्साङ्कन गर्ने, १४ हजार १५० हेक्टर वन अतिक्रमण नियन्त्रण गर्ने, चार हजार ८०० कृषक समूहमा वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन गर्ने जस्ता लक्ष्यमा प्रगति नभएको उल्लेख छ ।

त्यस्तै सात हजार २६५ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार गर्ने, एक लाख ६५ हजार ६७५ हेक्टर वन व्यवस्थापन गर्ने, १८० नदीमा नदीजन्य पदार्थको उपयोग व्यवस्थापन गर्ने, संवेदनशील क्षेत्रमा रहेका २० हजार ५०५ घरधुरीका लागि बस्ती व्यवस्थापन गर्ने, ३८ हजार ४८४ घरधुरीमा गार्हस्थ्य सौर्य ऊर्जा विस्तार र लघु जलविद्युत् विकास तथा उपयोग २६१ किलोवाट पुऱ्याउने जस्ता लक्ष्यमा पनि प्रगति नभएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी ८९ सीमसार क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य भएकामा ६५ मात्र प्रगति भएको, ६४ नदीमा एकीकृत नदी प्रणाली स्रोत विकास कार्ययोजना तयार गर्ने लक्ष्य भएकोमा ४७ मा मात्र प्रगति भएको, ८१ हजार १३७ घरधुरीमा गोबरग्यास विस्तार गर्ने लक्ष्य भएकोमा एक हजार ९१७ घरधुरीमा मात्र विस्तार भएको प्रतिवेदनमा उल्लेख छ । गुरुयोजना कार्यान्वयनका पाँच वर्षमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको औल्याउँदै प्रतिवेदनले गुरुयोजनामा समावेश भएका लक्ष्यहरू पूरा हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाएको छ । रासस

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ विधेयक पेस

काठमाण्डु । प्रतिनिधिसभामा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' प्रस्तुत गरिएको छ । प्रतिनिधिसभाको आजको बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सो विधेयक संसदसमक्ष प्रस्तुत गर्नुभएको हो ।

त्यसअवसरमा विरोधको सूचना राख्नुहुने सांसदहरूले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले सङ्घीय सरकारले कानुन मात्र बनाउने र विकासका सम्पूर्ण काम प्रदेश सरकारलाई दिनुपर्छ भन्ने विषय संवैधानिक नहुने तर्क गर्नुभयो । उहाँले भन्नुभयो, "सङ्घीय सरकारले कानुन मात्र बनाउने विकासका सम्पूर्ण काम प्रदेश सरकारलाई दिनुपर्छ भन्ने भनाइ झट्ट सुन्दा आकर्षक लाग्ला, तर त्यसरी देश बन्दैन, हाम्रोमा तीन तहको सरकार छ, हामीले तीनै तहमा कार्यकारी व्यवस्थापकीय र न्यायिक अधिकारसहितको संरचनाको व्यवस्था गरेका छौँ ।"

आगामी आर्थिक बजेटको निर्माण गर्दा नेपालले अबलम्बन गरेका करसम्बन्धी नीतिलाई छलफल गरेर सरकार अगाडि बढ्ने उहाँको भनाइ छ ।



"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि सांसदहरू प्रभु साह, प्रकाश ज्वाला, प्रेम सुवाल, चित्रबहादुर केसी, देवेन्द्र पौडेल र नारायणी शर्माले विरोधको सूचना दर्ता गराउनुभएको थियो ।

सांसद प्रभु शाहले सरकारले कर उठाए वापत जनतालाई केही पनि दिन नसकेको बताउनुभयो ।

सांसद प्रकाश ज्वालाले सरकारले ससद्, संसदीय समिति र सांसदलाई नजरअन्दाज गरेको बताउनुभयो । सांसद प्रेस सुवालले आर्थिक कार्यविधिलाई पारदर्शी बनाउन नयाँ पुस्तालाई सुसंस्कृत र अनुशासित बनाउनुपर्छ भन्नुभयो । उहाँले विज्ञान तथा प्रविधि अध्ययन संस्थान (डिन)को कार्यकक्षमा सत्तारुढ दलकै विद्यार्थीहरूले तोडफोड गरेको घटना सार्वजनिक भएको उल्लेख गनुभयो ।

सांसद चित्रबहादुर केसीले व्यवहारिक रूपमै समानुपातिक रूपमा देशको आर्थिक विकास हुनुपर्ने माग गर्नुभयो ।

सांसद देवेन्द्र पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ ले योजना आयोगको भूमिकालाई न्यूनीकरण गरेको भन्दै विधेयकको विरोध गर्नुभयो ।

सांसद नारायणी शर्माले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक संसदीय समितिमा छलफलको प्रक्रियामा अगाडि बढिरहेको अवस्थामा सबै प्रक्रिया पूरा नगरीकन अध्यादेशमार्फत सरकारले विधेयक ल्याएको भन्दै विरोध जनाउनुभयो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ सम्बन्धी विरोधको सूचनालाई बैठकले बहुमतले अस्वीकृत गरेको थियो । रासस

# लगातार सात कारोबार दिन घटेको नेप्से परिसूचकमा आज दोहोरो अङ्कको वृद्धि




काठमाण्डु । पछिल्लो सात कारोबार दिन लगातार घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आज भने दोहोरो अङ्कको वृद्धि देखिएको छ । आज नेप्से परिसूचक १७ दशमलव २८ अङ्कले बढेर दुई हजार सात सय ३६ दशमलव ४८ को विन्दुमा कायम भएको हो ।

आज विभिन्न तीन सय २३ कम्पनीका दुई करोड २९ लाख ४१ हजार तीन सय ६५ कित्ता शेयर ७९ हजार दुई सय ३६ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब २३ करोड ५२ लाख ६८ हजार सात सय ५५ बराबरको कारोबार भएको छ । आजको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३३ र लघुवित्त समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लगानी समूह एक दशमलव ७६ र अन्य समूह एक दशमलव ५७ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ५३, वित्त शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ६४, जलविद्युत् शून्य दशमलव ८५, जीवन बीमा शून्य दशमलव ६४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १८, म्युचुअल फन्ड शून्य दशमलव १०, निर्जीवन बीमा शून्य दशमलव ४० र व्यापार समूह शून्य दशमलव २१ प्रतिशतले बढेको छ ।

पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ७९ प्रतिशतले बढेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै माछापुच्छे बैंक लिमिटेड प्रमोटर शेयर रू ८१ करोड ३६ लाख ५२ हजार एक सय बराबरको ८१ लाख ३६ हजार पाँच सय २१ कित्ता कारोबार भएको नेप्सेले जनाएको छ । रासस

# मेवाका बिरुवाको माग बढ्दो

चितवन । जिल्लामा सरकार ीस्तरमा उत्पादन गरिएको मेवाको बिरुवाको माग बढ्दै गएको छ । व्यावसायिक कीट विकास फार्म भण्डारले उन्नत जातको मेवाका बिरुवा उत्पादन गरेर बिक्री गर्न थालेपछि माग बढेको हो ।

कार्यालयका सूचना अधिकारी कमलनयन पन्तका अनुसार फार्मको जग्गामा लगाइएका बिरुवा बिक्रीका लागि तयार भएका छन् । उहाँले भन्नुभयो, "थोरै बिरुवा उत्पादन गरिएको भए पनि माग उच्च छ ।" अहिले चार हजार बीउ लगाइएकामा तीन हजार हाराहारी बिरुवा उत्पादन भएका छन् ।

उहाँका अनुसार रेड लेडी जातको मेवाका बिरुवा उत्पादन गरी बिक्री गर्न थालिएको हो । यो ताइवानको बीउ हो । यो मेवा फल धेरै लाग्ने र छोटो समयमा खानका लागि तयार हुने गर्दछ । गत माघको दोस्रो साता लगाइएको बीउका बिरुवा अहिले रोप्नका लागि तयार भएका हुन् ।

अझै एक हप्तापछि रोप्न उपयुक्त हुने उहाँले बताउनुभयो ।रासस

# गण्डकीमा काष्ठफल तथा फलफूलखेती विस्तार

गण्डकी । गण्डकी प्रदेशअन्तर्गत दश जिल्लाका ३४ स्थानीय तहमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनामार्फत फलफूल बगैँचा विस्तारको काम अगाडि बढेको छ ।

नेपाल सरकार र एसियाली विकास बैंकको अनुदान सहयोगमा दुई वर्षअघि उक्त आयोजना सञ्चालनमा आएको थियो । हालसम्म दुई सय ४२ हेक्टर क्षेत्रफलमा फलफूल बगैँचा विस्तारका लागि सम्झौता भई काम सुरु भएको प्रदेश कृषि विकास निर्देशनालयका कृषि अर्थविज्ञ मनोज पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार सन् २०२९ भित्र १० जिल्लामा गरी दुई हजार पाँच सय हेक्टर क्षेत्रफलमा पहाडी काष्ठफल तथा फलफूलखेती विस्तार गर्ने लक्ष्य लिइएको छ । "पहाडी भेगमा एकैठाउँमा ठूलो जग्गा



व्यवस्थापन गर्न सहज नभएकाले आयोजनामा प्रस्ताव कम परिरहेको छ, सूचनामार्फत आवदेन माग गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "न्यूनतम २० रोपनी जग्गा भएको समूह, सहकारी या कृषि फार्मले आवदेन दिन मिल्छ छ ।" फलफूल खेतीका लागि बीउबीजन, सिँचाइ, यान्त्रीकरण आदिमा ५० प्रतिशत अनुदान दिने गरिएको कृषि अर्थविज्ञ पौडेलले बताउनुभो । निर्देशनालयले आयोजना कार्यान्वयनका लागि छुट्टै कार्यविधि बनाएको छ । नवलपुरबाहेक प्रदेशका सबै जिल्लामा यो कार्यक्रम सञ्चालित छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा स्याउखेतीका लागि अनुदान उपलब्ध गराइएको निर्देशनालयले जनाएको छ । अन्य जिल्लामा सुन्तला, कागती, किवी, ओखर, एभोकाडोलगायतका फलफूलखेती विस्तार भइरहेको छ । "कार्यविधिअनुसार मापदण्ड पुऱ्याएर आउने कृषि समूह, सहकारी र कृषि फार्मले अनुदान पाउँछन्, यस आयोजनामा प्रतिस्पर्धाबाट छनोट हुनुपर्ने अवस्था छैन, मापदण्ड पुग्ने सबै समेटिन्छन्", कृषि अर्थविज्ञ पौडेलले भन्नुभयो ।

न्यूनतम २० रोपनीदेखि बढीमा पाँच सय रोपनी क्षेत्रफलसम्म खेती गर्नेलाई अनुदान दिने प्रावधान रहेको छ ।

क्षेत्रफल र फलफूल बालीअनुसार अनुदान फरकफरक रहेको निर्देशनालयले जनाएको छ । बागवानी क्षेत्र व्यवस्थापनसँगै किसानलाई व्यावसायिक फलफूलखेतीतर्फ आकर्षिक गर्न यस कार्यक्रमले मद्दत पुग्ने विश्वास लिइएको छ । पहाडी क्षेत्रमा दश प्रजातिका फलफूल बालीको विकास तथा विस्तार गर्ने उद्देश्यले गण्डकीसहित पाँच प्रदेशका ३४ जिल्लामा सरकारले यो कार्यक्रम सञ्चालनमा ल्याएको हो । रासस

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा (नेपाल)

आवेदन दिने म्याद थप गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः- २०८१/११/२९

यस मन्त्रालय द्वारा मिती २०८१/११/१५ गते राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा प्रकाशित सूचना वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरुलाई स्वरोजगारका लागि आर्थिक/वस्तुगत सहयोग तथा मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम (प्राविधिक, आर्थिक तथा वस्तुगत टेवा सहित) अनुदान सम्बन्धी पूर्वनिर्धारित सूचना अनुसार दरखास्त बुझाउने अन्तिम म्याद २०८१/११/२९ गते सम्म भएकोमा मन्त्रालयको अनलाइन आवेदन प्रणालिमा केहि समस्या आइ दरखास्त पेश गर्न कठिनाइ तथा असमर्थ भएका लाभग्राहीहरुको सुविधालाइ ध्यानमा राखि म्याद ७ (सात) दिन अर्थात् मिती २०८१/१२/७ गते राती ११:५९ बजे सम्म दरखास्त बुझाउने म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**नोट**:- अनुदानका सिमा तथा सम्पूर्ण शर्तहरु साविक सूचना बमोजिम नै हुनेछ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८